# फालेलुङ गाउँपालिका, थकेपुङ, पाँचथरको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रम वक्तव्य

## फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर
नेपाल

**फालेलुङ गाउँपालिका, थकेपुङ, पाँचथरका उपाध्यक्ष श्री महेन्द्रहाङ जवेगु "फुङनिमा" ज्यूले सम्वत २०८१ साल असार ०७ गते शुक्रवार गाउँ सभामा प्रस्तुत गर्नुभएको,**

## आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नीति तथा कार्यक्रम वक्तव्य

**सम्मानित सभा अध्यक्षज्यू ,**
**गाउँ सभा सदस्यज्यूहरू,**

फालेलुङ गाउँपालिका गाउँ सभाको वर्षे अधिवेशन सम्पन्न गर्न आज हामी यस सभाकक्षमा उपस्थित भएका छौं । यस सुखद उपलक्ष्यमा नेपाल र नेपाली जनताको स्वतन्त्रता, सार्वभौमिकता, स्थानीय स्वायत्तता र स्वशासन, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र शंघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरु तथा बेपत्ता र पिडित नागरिकहरुको उच्च सम्मान गर्दै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनामा जीवनको बलिदान दिने शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जी अर्पण गर्दछु ।

लोकतन्त्र आफैंमा जनमुखी शासनको विधि र प्रक्रिया हो । स्थानीय सरकारले लोकतन्त्रको मूल्य र विधिलाई कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेका छन । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, श्रोत संशाधनको परिचालन, सेवा प्रवाह एवं सुशासन र विपद् व्यवस्थापनको कार्यसूची प्रदान गरेका छन । स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरी लोकतन्त्रको बैधता र विश्वासलाई जनाताकै मन मस्तिष्कबाट अनुमोदन हुने अवसर प्राप्त भएको छ ।

आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा यी विषयहरुलाई अहम् महत्व दिइनु नितान्त जरुरी छ । औचित्यपूर्ण निर्णयहरु, स्रोत र साधनको न्यायोचित वितरण एवं उच्च सदुपयोगको संस्कृति निर्माण तथा तद्अनुसारको आचरण ग्रहण गर्नु हाम्रो साझा दायित्व हो । साथै जनताको प्रत्यक्ष निगरानी र सहभागितामा क्रमशः वृद्धि गर्दै जानु वर्तमान परिस्थितिको आवश्यकता र राष्ट्रिय लक्ष्य प्राप्तिको लागि अनिवार्य शर्त पनि हो ।

आर्थिक वर्ष २०८१/०८२ को गाउँपालिकाको विकासको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानले अनुसूची-८ मा गरेको व्यवस्था, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयास गरिएको छ । साथै आ.व. ०८१।०८२ का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्रस्तुत बजेटले लिएका नीति र कार्यक्रम, दीगो विकासका लक्ष्यको स्थानीयकरण गरी नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन लाई आधार मानी गाउँपालिकाको विकास योजना तयार गरिएको छ ।

संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँ गाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैँ बनाऔँ जस्ता सिद्धान्तहरुलाई मूर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट,सुशासन, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं अप्रत्क्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

सभाध्यक्ष ज्यू,
सम्पूर्ण सदस्य ज्यूहरु,

अब म आ.व. २०८०।०८१ मा घोषित नीति तथा कार्यक्रमका महत्वपूर्ण पक्षको संक्षेपमा समीक्षा गर्न चाहान्छु । सर्वप्रथमतः स्थानीय तह निर्वाचन, २०७९ मा भएको स्थानीय तहको दोस्रो निर्वाचन पश्चात गठन भएको फालेलुङको स्थानीय सरकारको आगमनसँगै अवलम्बन भएको बेरुजुमा शून्य सहनशिलता नीतिको परिमाण स्वरुप आ.व. २०७९।०८० को बेरुजु कुल वजेटको ०.१६ प्रतिशत मात्र कायम गर्न सफल भई ७४८ पालिकाहरुमा कम बेरुजु हुने

गाउँपालिकाको १६ औँ स्थान प्राप्त गर्न सफल भएको आफैमा एक ऐतिहासिक उपलब्धि हो । यसले गर्दा जनताको स्थानीय सरकार प्रतिको आशा र भरोसा बढाएको छ । शून्य बेरुजुको महाअभियानमा अहोरात्र खटिनुहुने जनप्रतिनिधी, कर्मचारी मित्रहरु एवं सार्वजनिक लेखा समितिका पदाधिकारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहको भरपर्दो र दीगो श्रोतको रुपमा रहेको स्थानीय कर संकलनका नयाँ-नयाँ दायरा खोज गरी करका दरलाई न्यायीक बनाउनका लागि राजस्व सुधार कार्ययोजना, २०८० समेत तयार भई गाउँपालिकाको आन्तरिक आम्दानीमा बृद्धि मार्फत आत्मनिर्भर गाउँपालिका निर्माणको लागि कोशेढुङ्गा सावित हुन गएको छ ।

संविधान कार्यान्वयनका अभ्यास, अनुभव र उपलब्धिहरु हाम्रो लागि उत्साहजनक रहेका छन । स्थानीय तहका विकास निर्माण तथा जनताका आधारभूत आवश्यकताको संवोधन गर्नका लागि प्राप्त विधायिकी र कार्यकारिणी अधिकारको प्रयोग हाम्रो लागि निकै नै ठुलो अवसर रहेको छ । प्राप्त अधिकारलाई हौसलाका साथमा जनताको भावना अनुरुप प्रयोग गर्ने अवसरको प्रयोग गर्दै जनताका आधारभूत आवश्यकता र विकास निर्माणको काममा फालेलुङ गाउँपालिकाले लिएको गतिको उच्च प्रशंसा गर्दै सभाका माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद र बधाई दिन चाहान्छु ।

प्राकृतिक प्रकोपले फालेलुङको अर्थतन्त्रमा पैदा गरेको अनपेक्षित दबाबलाई कम गर्दै विपद व्यवस्थापन र प्रतिकार्यमा फालेलुङ गाउँपालिकाले नीतिगत र समन्वयात्मक कार्य गर्दै सुरक्षित जीवनको प्रत्याभूती दिने विषयप्रति हामि सबै गम्भिर भएका छौँ।

गाउँपालिकाबाट आ.व. २०८०।०८१ मा पुँजिगत कुल वजेटको ५०.४७ (जेष्ठ मसान्तसम्मको तथ्यथाङ) प्रतिशतमात्र हुनुले असारे विकासको अवस्थालाई इंगित गर्दछ । यस प्रति हामि सबैले समयमा नै योजना सम्झौता गरी समयमा नै सम्पन्न गर्ने दिशातर्फ आकृष्ट हुन जरुरी छ

आ.व. २०८०।०८१ मा चालु खर्च तर्फ रु. ३६,२३,९५,३००।- (अक्षरेपी रु. छत्तिस करोड तेईस लाख पन्चानब्बे हजार तीन सय रुपैँया मात्र) मध्ये रु. २४,७५,४६,०९७।- (अक्षरेपी रु. चौबिस करोड पचहत्तर लाख छयालिस हजार सन्तानब्बे रुपैँया मात्र) यानिकी कुल विनियोजनको ६८.३१ प्रतिशत रकम खर्च भएको देखिन्छ । चालु खर्च कुल विनियोजनको ६७ प्रतिशत रहेको छ र बाँकी ३३ प्रतिशत पुँजिगत वा विकास खर्चमा विनियोजन भएको देखिन्छ । यस सन्दर्भमा कुल विनियोजन मध्ये पुँजिगत खर्चको अनुपात बढाई विकास निर्माणको कार्यलाई थप व्यवस्थित गर्न जरुरी रहेकोछ ।

वि.सं. २०७४ साल देखि हालसम्म पारित गरिएका फालेलुङ गाउँपालिकाका जम्मा १९ वटा ऐन, १० वटा नियमावली, ९ वटा निर्देशिका, ४४ वटा कार्यविधी, १ वटा नीति तथा ४ वटा मापदण्ड तर्जुमा भई कार्यान्वयनमा आएका छन । पारित भएका कानूनहरुलाई एकीकृत गरी व्यवस्थित पार्न अझ कसरत गर्नुपर्ने देखिएको छ । संविधानले दिएको अधिकारक्षेत्रमा समेत पर्याप्त कानून निर्माण भएका छैनन । कतिपय कानून प्रदेश र संघीय काननुसँग बाझिने गरी तयार भएका छन । यसर्थ गाउँपालिकाको विधायन समितिको क्षमता अभिबृद्धि गर्दै सरोकारवालाहरुको संयन्त्र निर्माण गरी नागरिकमा कानूनी साक्षरता अभियान संचालन गरी मूल्यपरक नीति तर्जुमा पद्धतिलाई व्यवस्थापन कार्यप्रणालीमा सुधार गर्नुपर्ने देखिएकोछ ।

नेपालको संविधानले सुनिश्चित गरेको रोजगारीको हकलाई स्थानीय सरकारले कार्यान्वयन गर्दै वेरोजगारलाई सूचीकृत गरी श्रममूलक रोजगारी दिने नीति लिएको छ । गाउँपालिकाभित्र यसको लागि सूचिकृत २३०० जना भएता पनि अझ पनि अति विपन्न परिवारहरु यसको पहुँच बाहिर रहेको तथ्य फेला परेको छ एवं रोजगार सिर्जनाको लागि प्राप्त सशर्त रकमबाट अल्पकालिन पूर्वाधार निर्माण भन्दा पनि दीर्घकालिन आर्थिक क्षमता तथा सीप विकास हुने आर्थिक उपार्जनका कार्यमा लगानी गरी आत्मनिर्भर समाज निर्माण तर्फ ध्यान जानु आवश्यक रहेको छ ।

समयमा नै ठेक्का लगाई समयमा नै कार्यसम्पन्न गर्ने वातावरण तयार गर्ने नीति रहेको भएता पनि सो को कार्यान्वयन फित्तलो देखिएको छ ।

गाउँपालिकामा स्वास्थ्य विमा गर्ने व्यक्तिहरुको संख्या बढेता पनि यसको कार्यान्वयन पक्ष भने अति नै फितलो रहेको देखिएको हुँदा स्वास्थ्य विमा वापत निःशुल्क सेवा प्राप्त गर्ने स्वास्थ्य सेवाको बारेमा गाउँपालिकाले सम्बन्धित निकायमा समन्वय गरी यसमा सुधारात्मक प्रयाश गर्नुपर्ने जरुरी देखिएको छ ।

गाउँपालिकाले पर्यटन विकासको लागि पहल गरेता पनि थोरै पुँजिले पर्यटन विकास गर्न सम्भव नहुने भएको हुँदा आर्थिक सम्भावनको खोजी गर्न जरुरी रहेको छ । साथै पर्यटन विकासको बाधकको रुपमा रहेको कबुलियती वनको विकल्प खोज्नु अति नै जरुरी रहेको छ । छिमेकी देश भारत, पश्चिम बंगालका पर्यटकहरुको फालेलुङ गाउँपालिकाको भित्री क्षेत्रमा घुमफिर सुरुवात हुनु अत्यन्तै गौरवको कुरा हो । किनकी नेपालको जनसंख्याको तेब्बर करीब १० करोड जनसंख्याको केहि प्रतिशत मात्र पर्यटकहरु फालेलुङ घुम्न आएमा पर्यटन व्यवसाय दिन दुगुना रात चौगुना फस्टाउने देखिन्छ ।

हाल संगठन सर्वेक्षण अनुसार कर्मचारीहरुको पदपूर्ती भईसकेको छ । सेवाग्राहीहरु नियमित सेवा प्राप्त गरिरहेको र धेरै जसो कर्मचारीहरुले सेवाग्राहीको भावनाअनुरुप मुस्कान सहितको सेवा दिईरहेको भएता पनि धेरैजसो कर्मचारीहरु कार्यालयमा अनुपस्थित हुने वातावरण सिर्जना हुन नदिन कर्मचारी प्रशासनले कडाईका साथमा रणनीति बनाउन आवश्यक देखिएको छ । शिक्षाको गुणस्तर बृद्धिका लागि कक्षा ५ र ८ को परीक्षालाई गाउँपालिकास्तरीय परीक्षाको रुपमा संचालन गरी वास्तविक शैक्षिक अवस्थाको मापन गर्ने कार्य सम्पन्न भएको छ । कक्षा ५ र ८ को परीक्षाफलले सामुदायिक विद्यालयको न्यून गुणस्तरलाई सिद्ध गरिदिएको छ । शिक्षाको गुणस्तर अभिबृद्धि गर्न थप पहल गर्नुपर्ने आवश्यकता देखिएको छ ।

फालेलुङबाट भयावह रुपमा देखा परेको बसाईसराईलाई रोक्नका लागि न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति हुने वातावरण सिर्जना गर्न आवश्यक छ ।

वर्षेनी आउने विपद्का कारण उत्पन्न हुने जोखिम र प्रभावको सम्बोधनमा थप जिम्मेवार र ससन्वयकारी हुनु जरुरी रहेको छ । मनसुनजन्य प्रभावित नागरिकको आवास तथा गासबासका लागि विभिन्न संघीय र प्रादेशिक कार्यालयहरुसँग समन्वय गरी सुरक्षित आवासको हक स्थापित गर्नुपर्ने देखिन्छ ।

नयाँ बाटोको ट्र्याक खोल्नका लागि हेभि मेशिनको प्रयोग हुने कारणले आउने बाढी पहिरोलाई रोक्नका लागि नयाँ ट्र्याक खन्ने कामलाई पूर्णयतया बन्ध गरि विकाससँगै हुने विनासका कार्यलाई अन्त्य गर्नुपर्छ ।

वनजङगलको विनाश रोक्नको लागी परम्परागत चौंरी गोठमा प्रति गोठ २५ वटा मात्र पाल्न पाउने व्यवस्था गरिने साथै गोलिया निकासीमा थप नीतिगत रुपमा कडाई गर्नको लागि सम्बन्धित निकाय सँग समन्वय गरिएको छ ।

गाउँपालिकाले कर संकलनमा प्राप्त गरेको सफलताले स्थानीय करको दायरालाई थप फराकिलो बनाउँदै अवान्छनिय रहेका करका दरहरुलाई राजस्व सुधार कार्योजना अनुसार पुनरावलोकन तथा संसोधन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

आन्तरिक राजस्व तर्फ मालपोत, सम्पत्ती कर वा घरधुरी कर, निकासी कर तथा सिफारिस दस्तुर मुख्य श्रोत रहेका छन । यस सन्दर्भमा करको दायरा फराकिलो बनाउन सकिएको छैन भने अर्कोतिर संघीय सरकारबाट प्राप्त हुने समानीकरण, समपुरक अनुदान र राजस्व बाँडफाडका सिलिङ सदा झैं प्राप्त हुने भएता पनि वास्तविक अनुदान बमोजिम रकम निकासा नहुने भएको हुँदा प्रक्षेपण गरिएका योजना कट्टा गर्नुपर्ने अवस्था छ । यस अवस्थामा गाउँपालिकाको आन्तरिक राजस्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको स्थापना हुनुपर्नेमा थप परनिर्भर हुनुपर्ने अवस्था आइपरको छ । यसर्थ अनुदानमा आधारित गाउँपालिकालाई वित्तीय अन्तरनिर्भरताबाट आत्मनिर्भरता तर्फ अग्रसर हुनका लागि आवश्यक रहेको छ ।

गाउँपालिकाले दीर्घकालमा फाईदा दिने खालका कृषि, पशु, शिक्षा र स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी गरेको देखिदैन । यसको सट्टा दैनिक कार्यसंचालनको लागि मात्र वजेट विनियोजन गर्ने प्रवृत्तीलाई अन्त्य गर्दै दीर्घकालमा गाउँपालिकालाई फाईदा दिने प्रकारका क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ ।

फालेलुङ गाउँपालिका विपद् संवेदनशिल गाउँपालिकाको रुपमा रहेको छ । २०८० साल असार २ गतेको बाढी पहिरोबाट निर्माण सम्पन्न भएका कतिपय भौतिक संरचना ध्वस्त भएको थियो । क्षति भएका भौतिक संरचना पुनः निर्माण गर्नका लागि गाउँपालिकाको ठुलो श्रोत खर्च भएको छ । स्थानीय विकासको लागि प्राप्त भएको अनुदान रकमबाट स्थानीय आवश्यकता बमोजिम जनताका आधारभूत आवश्यकतासँग सम्बन्धी क्षेत्रमा खर्च हुनुपर्ने भएता पनि विकास खर्चलाई कटौति गरी विपद् पुनर्स्थापना खर्च गर्नुपर्ने एवं संघीय तथा प्रदेश सरकारबाट विपद् पुनर्स्थापनको लागि कुनै पहल नभएको दुखद अवस्था रहेको छ ।

"फालेलुङ समृद्धिको आधारः कृषि, पर्यटन जलश्रोत र पूर्वाधार" भन्ने गाउँपालिकाको मूल नाराले व्यक्त गरेको आकांक्षालाई पूरा गर्न विविध किसिमका प्रतिकुलताहरुलाई सामना गर्दै जनचाहाना र फालेलुङको वास्तविकतालाई ध्यानमा राख्दै आ.व. २०८१।०८२ को बजेट, नीति र कार्यक्रम तयार गरका छौँ। यो नीति तथा कार्यक्रमले गाउँपालिकाको उन्नतिमा थप उर्जा दिने सकरात्मक सोचका साथमा यो नीतिको अक्षरस पालनका लागि सम्पूर्णमा अनुरोध गर्न चाहान्छु।

सभाध्यक्ष ज्यू,

सम्पूर्ण सदस्य ज्यूहरु,

अब म आ.व. २०८१।०८२ को लागि तयार गरिएको नीति तथा कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य, प्राथामिकताका क्षेत्र एवं कानूनी आधार उपर प्रकाश पार्न चाहान्छु।

१. सोचः "सुशासन, सामाजिक न्याय र समृद्धिः आर्थिक अनुशासन, दिगो विकास फालेलुङको श्रीवृद्धि"

२. लक्ष्यः दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकीरण गर्दै राजनीतिक र प्रशासनिक सुशासन मार्फत फालेलुङको श्रीवृद्धि गर्दै फालेलुङलाई समुन्नत गाउँपालिकामा रुपमान्तरण गर्नु।

३. उद्देश्यः

क. आर्थिक अनुशासन मार्फत राजनीतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सुशासन कायम गर्नु।
ख. दिगो विकासको मूल्य मान्यतालाई स्थानीयकरण गर्दै रोजगारी र सामाजिक न्याय कायम गर्नु।
ग. स्वास्थ्य, शिक्षा, कृषि, पशु र पर्यटन विकास मार्फत आर्थिक समुन्नति प्राप्त गर्नु।
घ. आर्थिक परनिर्भरता कम गर्दै फालेलुङको श्रीवृद्धि गर्नु।

४. कानूनी आधार

क. नेपालको संविधान, २०७२
ख. स्थानीय सरकार संचालन ऐन, २०७४
ग. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ. नेपाल सरकार र कोशि सरकारले तर्जुमा गरेका वार्षिक नीति तथा कार्यक्रमहरु
च. फालेलुङ गाउँपालिकाका विगत वर्षका बार्षिक नीति तथा कार्यक्रमहरु
छ. दीगो विकासका लक्ष्यहरु
ज. सोहौँ पञ्चवर्षिय योजना
झ. फालेलुङ बासीहरुको जनभावना
ञ. फालेलुङ गाउँपालिकाले विभिन्न समयमा जारी गरेका कानूनहरु
ट. फालेलुङ गाउँपालिकाको समग्र भौगोलिक, शैक्षिक, राजनीतिक र सामाजिक सास्कृतिक वातावरण
ठ. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
ड. वडा वस्ती स्तरमा भएका छलफलका सुझाबहरु एवं संकलन भएका योजना तथा कार्यक्रमहरु
ढ. संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान र वजेट सिलिङ तथा
ण. राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धार समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिबाट प्राप्त राय सुझाबहरु

५. प्राथामिकताका क्षेत्रहरुः

क. आन्तरिक आयमा बृद्धि
ख. राजस्व र अनुदानको महतम परिचालन
ग. आर्थिक विकास र समृद्धि
घ. दीगो र सन्तुलित पूर्वाधार विकास
ङ. कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भरता
च. सिंचित क्षेत्रको विस्तार
छ. पर्यटन विकास

ज. विपद् व्यवस्थापन

झ. गुणस्तरीय शिक्षा र स्वास्थ्य

ञ. कला, संस्कृती र साहित्यको विकास

ट. आन्तरिक उत्पादन प्रवर्द्धन

ठ. आत्मनिर्भरता घटाउने

ड. सुशासन र सामाजिक न्याय

ढ. शुन्य बेरुजु र आर्थिक अनुशासन

ण. व्यवसायिकतामा बृद्धि

त. रोजगार र स्वरोजगारमा बृद्धि

थ. सूचना, प्रविधि र संचार क्षेत्रको विकास

**सम्मानित सभाध्यक्ष ज्यू ,**

**गाउँ सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम संचालनका लागि गाउँपालिकाले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु ।

**क) आर्थिक विकास सम्बन्धि नीति**

१. **"सिंचाइमा लगानीः खेतबारीमा पानी"** अभियान अन्तर्गत सम्पन्न भईसकेको जम्मा २८ वटा आयोजनाहरुको उचित मर्मत संभारको व्यवस्था गर्दै चालु आ.व. २०८१/०८२ मा थप ४ वटा साना सिंचाइ आयोजनाको लागि गाउँपालिकाले रु. ८० लाख वजेट लागत साझेदारीको रुपमा विनियोजन गरी स्विस सरकार विकास सहयोग नियोग, नेपाल सरकार र प्रदेश सरकारको साझेदारीमा सम्पन्न गरी सिँचित क्षेत्रको विस्तारलाई निरन्तरता एवं पूर्णता दिईनेछ ।

२. **"उत्पादनमा बृद्धिः माटो जाँचको प्रविधी"** भन्ने मूल नाराका साथमा गाउँपालिकाभित्र रहेको खेतीयोग्य जमिनको माटो परीक्षण गरी माटो सुहाउँदो वालि विकासका लागि पर्याप्त वजेट विनियोजिनको व्यवस्था गरिनेछ ।

३. कफि, किवि र चिया खेतीलाई व्यवसायीकरण गर्दै यी क्षेत्रमा देखा परेका विभिन्न समस्याहरुको निवारणका लागि विज्ञको टोलीबाट थप अध्ययन अनुशन्धान गराई कफि, किवि र चिया खेतीलाई भरपर्दो कृषि पेशाको रुपमा विस्तार गर्नका लागि वजेटको व्यवस्थापन गरिनेछ ।

४. **"स्थानीय कृषि उत्पादनको प्रयोगः आयातित वस्तुमा रोक"** भन्ने मूल उदेदश्यका साथ तरकारी, खाधान्न, तेलहन, फलफूल तथा नगदे वालिको उत्पादनमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन मार्फत निर्यात प्रवर्द्धनमा जोड दिईनेछ ।

५. **"युवाको परिचालनः व्यवसायिक पशुपालन"** भन्ने अभिप्रायका साथमा नमूनाको रुपमा असल पशुपालन व्यवसाय गर्ने युवा जनशक्तिको लागि उत्पादन, कार्यसम्पादन र सम्झौताको आधारमा पर्याप्त सहुलियत र वजारीकरणको व्यवस्था गरिनेछ ।

६. **"उचित दुधको मूल्य, हर्षित किशानः दुध उत्पादन पेशा हाम्रो सम्मान"** भन्ने नाराका साथ दुधजन्य उत्पादनमा गुणस्तरको सुनिश्चित गर्दै उचित मूल्यमा सरल विक्रि वितरणका लागि वजारीकरणको व्यवस्थामा जोड दिदै दुध उप्पादन पेशालाई सम्मानित पेशाको रुपमा विस्तार गरिनेछ ।

७. **"आठौं चौंरी महोत्सव, आन्तरिक र वाह्य पर्यटकको उत्सव"** भन्ने नाराका साथ आ.व. २०८१/०८२ मा **"आठौं फालेलुङ चौरी पर्यटन महोत्सव"** को लागि वजेट विनियोजनको व्यवस्था गरी चौंरी महोत्सवलाई निरन्तरता प्रदान गर्दै पर्यटन उद्योगलाई गाउँपालिकाको पर्यटन क्षेत्रको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रचार प्रसारको मुख्य **माध्यम, संवाहक र मेरुदण्ड**को रुपमा विकास गरिनेछ ।

८. वास्तविक चौंरीपालिक कृषकको पहिचान गर्न परम्परागत चौंरीपालक कृषक दर्ता सूचिकरण कार्यक्रम संचालन गरी चौंरीपालक कृर्षकको विवरण अध्यावधिक गरीनेछ । छूर्पी र दुधजन्य पदार्थ निर्यातमा सहजीकरण गरिनेछ ।

९. कृषि वालिहरुमा लाग्ने प्रमुख रोग तथा किराहरुको व्यवस्थापन गर्न बालि संरक्षणका जैविक तथा प्राकृतिक उपायहरु अपनाईनेछ ।

१०. तोरीको तेल उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्न तोरी खेती गर्नका लागि सबै कृषकहरुलाई प्रोत्साहन गर्दै प्रत्येक वडामा कम्तिमा एकवटा तोरी मिल संचालन गर्नका लागि अनुदानको व्यवस्था गरिनेछ ।

११. **"पशु प्राविधिक परिचालनः नियमित पशु सेवा संचालन"** भन्ने मूल नाराका साथमा उपलब्ध प्राविधिक जनशक्ति परिचालन गर्न मापदण्डको व्यवस्था गरी प्रत्येक वडा वडामा पशु स्वास्थ्य उपचारसँग सम्बन्धित औषधी, औजार र उपकरणको व्यवस्थापनमा पर्याप्त वजेट विनियोजन मार्फत प्रत्येक किशानको गोठ खोरमै नियमित सेवा संचालनको सुनिश्चितता गरिनेछ ।

१२. **"बारी-बारीमा लसुन र प्याजः स्थानीय उत्पादन सहितको समुन्नत समाज"** भन्ने मूल उद्देश्यका साथमा पालिकाभित्रका प्रत्येक घरधुरीले आयातित लसुन र प्याजको उपभोग गर्नुपर्ने अवस्थाको निवारण गर्दै उन्नत प्याज र लसुनको विउ तथा प्रविधि व्यवस्थापन गर्न बजेट व्यवस्थापन गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्रका सुख्खा क्षेत्र तथा उच्च उत्पादन बोकेका क्षेत्रलाई लक्षित गरि कृषि सेवाबाट जनताको आवश्यकता र माग बमोजिम प्लाष्टिक पोखरी, टनेल र साना सिँचाई योजनाहरुलाई उच्च प्राथमिकतामा राखि क्रमशः कार्यान्वयन गरिनेछ ।

१४. व्यवसायिक कृषि फर्म तथा पशु फर्महरुलाई पशुपालनबाट आत्मनिर्भर बनाउन आवश्यक पहल गर्नुका साथै कृत्रिम गर्भाधान समेतको व्यवस्था गरी नश्ल सुधार गरिनेछ ।

१५. विभिन्न विपदको कारण कृषि तथा पशुपालन व्यवसायहरुमा हुन सक्ने क्षती न्यूनीकरण तथा विपदबाट सिर्जना हुने व्यवसायिक जोखिम कम गर्न **"कृषि तथा पशुपन्छि आकस्मिक लाभ कोष र अनिवार्य विमा"** को व्यवस्था मिलाईनेछ ।

१६. **"किसानको सम्मान, उत्पादनमा अनुदान"** भन्ने नाराका साथमा कृषि क्षेत्रमा गाउँपालिकाले प्रदान गर्दै आईरहेको विभिन्न किसिमका अनुदानलाई उत्पादन र कार्यसम्पादनसँग जोड्दै अनुदान वितरण वास्तविक किसानसम्म पुर्‍याई थप प्रभावकारी र मितव्ययी बनाईनेछ ।

१७. **"फालेलुङको अर्गानिक ब्राण्ड"** को उद्देश्य लिई फालेलुङमा निर्माण/उत्पादन हुने फर्निचर, लुकुनी टोपी, राडी पाखी, काठको ठेकी भाडा, खसि बाख्राको मासु, लोकल कुखुरा, ग्रिन/ गोल्डेन टी, मकैको चामल, कोदोको पिठो, स्थानीय अट्टे/ मसिनो/ भंगेरे धानको लोकल चामल लगायत गुन्द्रुक /सिन्कीको प्रवर्द्धन र वजारीकरणका लागि कमर्शियल प्लेटफर्मको व्यवस्थापनको रुपमा वजार क्षेत्रका सुपर मार्केटसँग सम्झौता गरी उक्त वजारहरुमा फालेलुङको उत्पादन विक्रि वितरणको लागि पहल गरिनेछ ।

१८. **"फालेलुङ विकासको सारः पर्यापर्यटन विकासको मूल आधार"** भन्ने मूल नारका साथमा पर्यटन र संस्कृति प्रर्वद्धन गर्न एक छुट्टै शाखा तथा कर्मचारी पर्यटक सम्पर्क अधिकृत तोकी कार्य विवरण सहित जिम्मेवारी दिई तादारुकताका साथ कार्य गरिनेछ ।

१९. **"आयातित मदिरामा रोकः स्वस्थ्य जीवन सबैथोक"** भन्ने मूल नाराका साथमा पालिकाभित्र आयात हुने सबै मदिराजन्य पेयपदार्थमा रोक लगाउँदै स्थानीय स्तरमा उत्पादन हुने जाँड रक्सीलाई ब्राण्डको रुपमा विकास गरिनेछ ।

२०. **"एक घर एक किशानः वास्तविक कृषकको पहिचान"** भन्ने उद्देश्यका साथमा गाउँपालिकाका सबै कृषकहरुलाई वर्गिकरण सहितको कृषक परिचयपत्रको वितरण कार्यलाई आगामि २ वर्षभित्र सम्पन्न गर्दै वास्तविक किशानलाई अनुदान पहुँच र सहुलियतको दायरामा ल्याउनको लागि कृषक परिचयपत्रलाई मूल आधारस्तम्भको रुपमा विकास गरिनेछ ।

२१. गाउँपालिकामा सबै प्रकारका पशुजन्य र कृषिजन्य उत्पादन तथा उत्पादनको बृद्धि, गुणस्तर परीक्षणका साथै उत्पादित बस्तु निर्यात गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२२. **"बढाउँदै मकै, कोदो र तोरीको उत्पादनः घटाउँदै आयात, गरौँ प्रतिस्थापन"** भन्ने नाराका साथ स्थानीय रैथाने वालिको संरक्षण र उत्पादनमा विशेष जोड दिँदै मकैको चामल, कोदोको पिठो, तोरीको शुद्ध तेल उत्पादन बृद्धिका लागि विशेष रणनीतिक योजनाको व्यवस्था गरिनेछ।

२३. **"हाम्रो उत्पादनः हाम्रो स्वाभिमान"** अभियान अन्तर्गत स्थानीय उत्पादन लाई उपयोग र प्रबर्द्धन गर्न कृषि, प्राकृतिक श्रोत, स्थानीय उत्पादन र प्रविधिमा आधारित उद्योगको विकास गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याईनेछ। यसका लागि आ.व. २०८१।०८२ मा नमूनाका लागि कोदोबाट तयार भएको विस्कुटको उत्पादन संभाव्यताको अध्ययन गरी शुरुवाती पहलकदमी गरिनेछ।

२४. उत्पादन भएको कृषि उपजको संकलन, भण्डारन र वजारीकरणको लागि कृषि सडक विस्तार मार्फत निर्यातमा सहजीकरण गरिनेछ।

२५. **"कृषि पशुपंछि विमामा लगानीः सुरक्षीत व्यवसाय नियमित आम्दानी"** भन्ने उद्देश्यका साथ गाउँपालिकाले कृषि तथा पशुपंछि नेपाल सरकार विमा समिति र विमा प्राधिकरण र प्रचलित पशुपंछि तथा कृषि विमा सम्बन्धीका कानूनको परिपालना गर्दै गाउँपालिका क्षेत्रमा रहेका कृषि तथा पशुपंछि व्यवसायहरुलाई विमा निर्देशिका बनाई विमामा पहुँचको सुरक्षित गरनेछ।

२६. **"अर्गानिक पालिका, साझा भूमिका"** भन्ने मूल नाराका साथमा गाउँपालिका क्षेत्रभित्र रसायनिक मल तथा किटनाषक विषादीको प्रयोगमा क्रमशः रोक लगाउँदै प्रांगारिक र जैविक मल तथा जैविक विषाधी प्रयोगबाट अर्गानिक कृषि उत्पादनको लागि विशेष नीतिगत व्यवस्थापन गरिनेछ।

२७. **"स्थानीय वेरोजगार, कृषिबाटै रोजगार"** भन्ने मूल नाराका साथ पालिकाले कृषकको आफ्नै खेतबारीमा स्वरोजगारमुखी कृषि तथा पशुपन्छि कार्यक्रम संचालन गरी स्थानीय वेरोजगार दर घटाई बैदिशिक पलायन घटाई आत्मनिर्भर समाजको विकास गर्ने कार्यनीति लिईनेछ।

२८. स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नका लागि नमूनाको रुपमा प्रत्येक हप्ताको शनिवारका दिन फालेलुङ गाउँपालिका वडा नं. ३ थकेपुङमा हाटबजार लगाउने व्यवस्था गरी स्थानीय रुपमा उत्पादन भएका मौरीको मह, स्थानीय जरिबुटी, लुकुनी, मकै, कोदो, तोरी, फलफूल लगायतका उत्पादनहरुको विक्रि वितरणको लागि उचित व्यवस्था मिलाई हाटबजारको शुरुवात गर्ने प्रचलन स्थापना गरिनेछ। साथै उक्त दिन कृषकको विक्रि नभएको उत्पादनको विक्रि वितरण गर्नका लागि यातायातको सहजिरकणको व्यवस्था पालिकाबाट नै मिलाईनेछ।

**२९.** गाउँपालिकामा उत्पादन हुने प्रमुख बालीहरुमा देखापर्ने रोगहरुको शिघ्र निदानको लागि गाउँपालिका क्षेत्रभित्र कृषि प्राविधिक सहितको टोलीबाट सेवा प्रवाहको व्यवस्था मिलाईनेछ।

**३०.** गाउँपालिकामा **"भूमी बैंक"** को अवधारणा विकास गरिनेछ जहाँ बाझो रुपमा छोडिएका जग्गाको वास्तविक लगत संकलन गरी भूमिहिन वा वास्तविक विपन्न किसान एवं वैदिशिक रोजगारबाट फर्किएका युवालाई उक्त जग्गामा वैज्ञानिक करार र सामूहिक खेतीलाई प्रोत्साहन गर्दै उत्पादन वस्तुको वजारीकरण गरिनेछ।

**३१.** गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तब्य स्थलहरु तथा सो स्थानको छोटकरी विशेषता समेत समेटी पालिकाका प्रमुख स्थान लगायत फिदिम र विर्तामोड वजारमा **पर्यटक सूचना पार्टी** (Tourist Information Board) राखी पर्यटन प्रवद्धनमा टेवा पुग्ने कार्यको थालनी गरिनेछ।

**३२.** गाउँपालिका भित्रका प्रमुख पर्यटकीय र धार्मिक स्थानहरुको जानकारी सहितको **"फालेलुङको पर्यटन पुस्तिका"** प्रकाशन गरी प्रत्येक पर्यटकीय ट्रान्जिट पोईन्टमा बसोबास गर्नेलाई निःशुल्क वितरणको व्यवस्था गर्दै पर्यटन प्रवर्द्धनको लागि वजेट विनियोजन गरिनेछ। साथै वेबसाईटमा पनि प्रकाशन गरिनेछ।

**३३.** पर्यटन प्रवर्द्धनका लागि **CAN (Culture, Nature and Adventure)** प्रारुप पहिचान गरी नीतिगत आधार तय गरिनेछ। यसका लागि संस्कृती, प्रकृति र जीवनलाई संयोजन गरी पर्या पर्यटनमा टेवा पुऱ्याउने लक्ष्य राखिनेछ। साहसिक पर्यटन व्यवसाय अन्तर्गत **Mountain cycling** को विकासका लागि संघीय सरकारसँग समन्वय गरी

२०८२ बैशाख १ गते परीक्षणको व्यवस्था गरिनेछ । भने **Cross Boarder Ultra Marathon** प्रतियोगिता सञ्चालन गर्नको लागि व्यवस्था गरिनेछ ।

**३४.** फालेलुङको प्राकृतिक सौन्दर्यताको संरक्षण गर्दै फिल्म सुटिङ क्षेत्रको पहिचान गरी यस क्षेत्रमा शुरुवाती पहलकदमी गरिनेछ ।

३५. फालेलुङ गाउँपालिकामा पर्यटकीय क्षेत्रहरुको व्यवस्थित प्रयोग, उपयोगको लागि भ्रमण गर्ने आन्तरिक एवं वाह्य पर्यटकहरुको निश्चित मापदण्डका आधारमा रु.५,००,०००|- (अक्षरेपी पाँच लाख) सम्मको म्यादि जीवन विमा गर्ने व्यवस्था गरिनेछ । साथै गाउँपालिकामा कार्यरत जनप्रतिनिधी र कर्मचारीको रु. १० लाख बराबरको म्यादी जिवन विमा समेत गरिनेछ ।

३६. संविधान प्रदत्त अधिकार कृषि प्रसारको सञ्चालन, व्यवस्थापन र नियन्त्रण मार्फत कृषकस्तरमा उच्चस्तरिय प्रविधिको हस्तान्तरण, कृषकको क्षमता अभिवृद्धि तथा कृषकलाई अनुसन्धान कार्यसँग जोड्न विभिन्न तालिम, गोष्ठि तथा शिविर सञ्चालन, उन्नत प्रविधि प्रदर्शन गरिनेछ ।

३७. कृषि जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन, कृषि बालीहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि साथै नागरिकको खाद्ध तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौरीपालन व्यवसायलाई प्रवर्द्दन गरिनेछ ।

३८. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न गाउँपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिचान गरि मसलाबाली प्रवर्द्धन कार्यक्रम, व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम, व्यवसायिक फलफुल खेती प्रवर्दन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

३९. **"रैथाने बाली हाम्रो पहिचान"** भन्ने मुल नाराका साथ परम्परागत र पोषणयुक्त रैथाने बालीहरुको संरक्षण गरी खेती विस्तार गरिनेछ । यस गाउँपालिकामा सदियौं देखी खेती गरिदै आएका रैथाने बालीहरु जस्तैः धान, कोदो, मकै, जौं, तोरी, गहुँ आलु, इस्कुस, सिमि, मास, पिडालु, फापर आदिको उत्पादन बढाउन उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ।

४०. कृषि उपजको बजार सुनिश्चितताका लागि हाट बजार, कृषि उपज संकलन केन्द्र तथा कृषि एम्बुलेन्स खरिद आदि कार्यमा प्रकृया अगाडि बढाईनेछ ।

४१. **"Bottomup Programming"** को मर्मलाई साकार पार्न कृषकहरुको आवश्यकता र मागमा आधारित कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ।

४२. प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्दन गरी गाउँपालिकालाई विषादि रहित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि जैविक मल प्रवर्द्धन तथा गोठे मल सुधार कार्यक्रम, प्राङगारिक मल तथा गडेउलेमल उत्पादन, प्राङ्गारिक खेती गर्ने कृषकलाई अनुदान, प्राङगारिक प्रमाणिकरणमा सहजिकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. नेपाल सरकारले प्रावधान गरेको **"कृषिमा लगानी वर्ष"** कार्यक्रम यस गाँउपालिकामा पनि सञ्चालनमा ल्याउनका लागी कृषकहरुको प्राविधिक क्षमता बृद्धिका लागी तालिम सञ्चालन गर्नका साथै कृषि क्षेत्रमा काम गरिनेछ ।

४४. बेमौसमी तरकारी खेतीलाई अगाडी बढाई विभिन्न कार्यक्रम, तालिम तथा आकस्मिक बालि संरक्षण सेवालाई जोड दिइनेछ ।

४५. उन्नत जातका फलफुलका बिरुवा जस्तै: किवि, कागती, सुनेतला खरिद तथा वितरण गरी थप क्षेत्र विस्तार गरीनेछ र त्सका लागी आवश्यक पर्ने उत्पादन सामग्रीहरु मिनिटिलर, स्प्रे टैंक, सिकेचर, आरी, प्राङगारीक मल जस्ता सामग्री खरीद गरीनेछ ।

४६. कृषकहरुको बालि उत्पादन गर्दा आउका समस्या समाधानका लागी थप प्राविधिक सुझाव तथा प्राविधिक परामर्शका लागी फिल्ड स्तरमा नै गै थप अनुसनेधान तथा परामर्श सेवा दिइने छ ।

४७. युवा लक्षित कृषि विकास कार्यक्रम सञ्चालन गरीयस गाँउपालिकाका युवालाई कृषि क्षेत्र आकर्षण गराउने खालका कार्यक्रमहरुमा जोड दिइनेछ ।

४८. चिया खेति प्रवर्धन तथा चिया प्रशोधन र बजारीकरणका लागि क्षेत्र विस्तार, प्रशोधन, यान्त्रिकरण, प्रमाणिकरण र प्याकेजिङ तथा बजारीकरण साथै यन्त्र उपकरण खरीद तथा वितरण गरी कृषकमा थप सेवा टेवा पुर्याइनेछ ।

४९. यस गाउँपालिका भित्रको सम्भाव्य क्षेत्र छनौट गरी च्याउ खेति प्रवर्धन कार्यक्रम सञ्चालनमा ल्याई कृषक स्तरमा च्याउको टनेल तथा क्षमता अभिबृद्धि तालिमको प्रावधान गरी गुणस्तरीय च्याउ उत्पादनन गरी यस फालेलुङ गाउँपालिकाका कृषकहरुमा रोजगारी सिर्जना भई आम्दानी बृद्धि गर्नमा सघाउ पुर्याउने छ ।

५०. गुणस्तरीय बीउबिजनमा गाउँपालिकालाई क्रमशः आत्मनिर्भर बनाउँदै रैथाने बाली, बीउबिजन, नश्ल, कृषि र पशुपंछिजन्य जैविक विविधता संरक्षणमा बजेट विनियोजन गरिनेछ ।

५१. कृषि, पशुपन्छी, वन्य तथा पशुपन्छीजन्य व्यवसायलाई समेट्न गरी कृषि बिमाको दायरा विस्तार गरिनेछ ।

५२. कृषिको आधुनिकिकरण सँगै ,कृषि उपज संकलन तथा बजारिकरण सहजताको लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्दै लगिनेछ ।

५३. जङगली जनावर बाँदर आतंकलाई नियन्त्रण गर्ने आवश्यक व्यवस्था मिलाईनेछ ।

**(ख) सडक तथा भौतिक पूर्वाधार विकास सम्बन्धि नीति**

१. नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ । संघीय, प्रादेशिक र फालेलुङ गाउँपालिकाको बजेटबाट नयाँ ट्रयाक निर्माण गर्नुपर्ने भएमा गाउँपालिकाले तोकेको प्राविधिक समितिबाट नियमानुसार वातावरणीय तथा प्राविधिक दृष्टिकोणले उपयुक्त भएको सिफारिस भएमा मात्र नयाँ ट्रयाक खोल्ने सहमति दिईनेछ ।

२. **"जनश्रमदान, विकासको वरदान"** भन्ने मूल नाराका साथ पालिकाभित्र रहेका सबै कर्मचारी, जनप्रतिनिधी, नागरिक र सबै सरोकारवालाहरुलाई स्थानीय विकासको लागि महिनामा एक दिन अनिवार्य रुपमा जनश्रमदान मार्फत आफ्नो गाउँ आफै बनाऔ भन्ने मूलमन्त्रलाई आत्मसाथ गर्दै जनश्रमदानलाई विकासको वरदानको रुपमा सावित गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ । यसका लागि विगत २ वर्षबाट निरन्तर संचालन हुँदै आएका नवीकरण भएका टोल विकास संस्थालाई आधारभूत निर्माण सामाग्रीहरु खरिद गरी हस्तान्तरण गरिनेछ ।

३. **"सडक पूर्वाधार, विकासको मूल आधार"** भन्ने मूल नाराका साथमा गाउँपालिकाका सबै वडालाई सडक सञ्जालमा जोडी संचालनमा आएका सबै सडक संजालमा बाह्रै महिना यातायातको सहज पहुँच पुर्याउन सडक सुधार, नालि निर्माण, संरक्षण र स्तरोन्नतीमामा जोड दिईनेछ ।

४. गाउँ सभाबाट स्वीकृत भएको पुर्वाधार तर्फका कार्यक्रमहरुलाई समयमा नै सम्पन्न गर्नका लागि खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई कार्यान्वयन गरिनेछ ।

५. श्रोतको सुनिश्चितताका आधारमा सडक, पर्यटन तथा खानेपानीको क्षेत्रहरुको डिपिआर तयार गरी वजेट व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

६. स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै अधिकतम जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ ।

७. गाउँपालिकामा सडक सञ्जाल विस्तार गर्न, गाउँपालिका क्षेत्रभित्रका मोटरबाटोहरु मर्मत तथा विपत व्यवस्थापनमा सहयोग गर्नको लागि गाउँपालिकाले खरिद गरेको ब्याक-हो-लोडरलाई व्यवस्थित तवरले परिचालन गरिनेछ ।

८. फालेलुङ गाउँपालिकामा वर्षाको कारण विभिन्न खोला, खोल्साहरुमा सडक यातायात संचालन हुन नसक्ने गरि विग्रिने भएको हुँदा वर्षायामको बेला सडक पहुँचको लागि आवश्यक व्यवस्था गरिनेछ ।

९. **"प्रशासकीय भवन: जनताको धन"** भन्ने मूल नाराका साथ २०८१ साल साउन १ गते बाट गाउँपालिकाको प्रशासकीय भवनबाट नियमित सेवा संचालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ

१०. Detail Project Report, आयोजनाको प्रकृति हेरी IEE, EIA को कार्य सम्पन्न भएपछि मात्र कार्यक्रम अघि बढाईनेछ ।

११. दीर्घकालिन महत्वका भौतिक संरचनामा प्रयोग हुने बाह्य तथा स्थानीय निर्माण सामाग्रीहरुको प्रयोगशाला परीक्षण (ल्याव टेस्ट) प्रतिवेदन संलग्न गरी भौतिक संरचनाको गुणस्तर सुनिश्चितता गर्नका लागि वजेट र प्राविधिक जनशक्ती व्यवस्थापन गरिनेछ।

१२. गत वर्षको बाढी/पहिरोले गर्दा निर्माणाधिन पक्की पुल तथा निर्माण भईसकेका पक्की मोटरेवल पुल समेत ध्वस्त भएको हुँदा मोटरेवल पुल पुनःनिर्माण गर्नका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ।

१३. संघीय तथा प्रादेशिक सशर्त अनुदान, समपुरक अनुदान, विषेश अनुदानका कार्यक्रमहरुको सकभर श्रावण वा भाद्रमा नै ठेक्का आव्हान गर्ने व्यवस्था मिलाई समयमा नै योजना सम्पन्न गरिनेछ।

१४. अन्य व्यवस्था भएदेखी वाहेक सरकारी वा अर्ध-सरकारी निकायलाई विनियोजित बजेट प्रचलित नियमानुसार टोल विकास संस्थाबाट मात्र कार्यान्वयन गरिनेछ। सामुदायिक विद्यालयहरुको हकमा वि.व्य.स. को प्रत्यक्ष निगरानी र अनुगमन मूल्याङ्कन सिफारिस गरेपछि भुक्तानी हुने प्रणाली अबलम्बन गरिनेछ।

१५. वार्षिक स्वीकृत कार्यक्रमहरुलाई प्राथमिकीकरणका आधारमा चौमासिक रुपमा वडा तथा शाखाहरुबाट सम्पन्न हुने गरी कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१६. आर्थिक वर्षको अन्त्यमा मात्र विकास सम्बन्धी काम गर्ने बानीलाई हटाउन आर्थिक बर्षको शुरुमा नै बार्षिक कार्यक्रम कार्यान्वय कार्ययोजना (Action Plan) तथा खरिद योजना (Procurement Plan) तर्जुमा गरी बैशाख भित्रमा कार्यसम्पन्न गरिनेछ।

१७. निर्माणाधिन पाँच शैय्या अस्पतालको भुक्तानीको लागी आवश्यक वजेट विनियोजन गरिनेछ। पाँच शैय्या अस्पताल भवनको निर्माणबाट सिर्जना भएको दायित्वको भुक्तानीको लागि  प्रदेश सरकारसँग रकम माग गरिनेछ।

१८. वडा नं. ४ स्थित आधारभूत स्वास्थ्य संस्था लाफे भवनको कार्य सम्पन्न गर्नका लागि आवश्यक वजेट विनियोजनको व्यवस्था गरिनेछ।

१९. धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको संरक्षण र विकासका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त हुने संघीय वजेटसंग गाउँपालिकाको वजेट साझेदारी गरी कार्य अगाडी बढाईनेछ।

२०. पर्यटकीय क्षेत्रहरुः चारराते, तीनसीमाना (फालोट-फालेलुङ), शिखरगुम, चन्दु, आहाल, सुकेधाप, थामचुली, पनावा झरना, खेउथाम झरना, मुवा झरना र धार्मिक पर्यटकीय स्थलको रुपमा रहेको आगेजुङ गुम्बा लगायतका स्थानमा पर्यटन पूर्वाधार निर्माण गर्नका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी विस्तृत अध्ययन प्रतिवेदन तयार गरी क्रमशः कार्यान्वयनमा लगिनेछ। वडा नं. ८ स्थित आकाशे भञ्ज्याङलाई **"Gate Way of Phalelung"** "फालेलुङको प्रवेशद्वार" भनि थप प्रवर्द्धन गरिनेछ।

२१. पाँचथर जिल्लाको जैविक एवं धार्मिक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनमा अन्तर स्थानीय तह समन्वय, सहकार्य, नियमन, प्रतिफलको बाँडफाँड गर्नको लागि "लब्रेकुटी-सिलौटी-पौवाभञ्ज्याङ-साधुटार (सोधुङ वरक) - सुकेपोखरी-लोहाकिल -छिन्तापु- गोरुवाले -हर्कटे -धुपरी - आहाल- सन्दकपुर - सुर्केथाम - चारराते - शिखरगुम नेपालीटार - तिनसिमाना (फालुट-फालेलुङ) - तीनचुले- सुकेधाप (सुकेपोखरी) लामपोखरी - थामचुली - चरिभञ्ज्याङ -गरगरे चुली -आगेजुङ गुम्बा -कालापानी - हिलिहाङ दरबार (७ दिने) **रेड पाण्डा-चौंरी जैविक पदमार्ग र महागुरु फाल्गुनन्द धार्मिक पदमार्ग पर्यटन प्रवर्द्धन गर्न याङवरक, हिलिहाङ, फिदिम, फाल्गुनन्द, देउमाई र सन्दकपुर** स्थानीय सरकारहरु सँग समन्वय गरि पदमार्ग सूचिकृत गरि बजेट समेत साझेदारी विनियोजन गरि प्रवर्द्धन गर्नको लागि प्रदेश सरकार र नेपाल पर्यटन बोर्डलाई अनुरोध गरिनेछ।

२२. उपभोक्ता संस्था मार्फत कार्यान्वयन हुने योजनाहरुमा योजनाहरुप्रति उपभोक्ताको स्वामित्वबोध गराउन, अपनत्व कायम गराउन र योजनाको दीगोपनको लागि कम्तिमा १० प्रतिशत लागत साझेदारी गर्ने नीतिलाई निरन्तरता दिईनेछ। योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता संस्था मार्फत संचालन हुने योजनाहरुको लागत अनुमान, मेटेरियल ब्रेक डाउन र कार्य सम्पन्न प्रतिवेदन नेपाली भाषामा तयार गर्ने कार्यलाई लागु गरिनेछ।

२३. मध्यकालिन खर्च संरचना र आवधिक योजनाको अध्यावधिक यथाशिघ्र गरी "फालेलुङ गाउँपालिकाको परियोजना बैंक" तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ।

२४. आवधिक योजना र बार्षिक विकास योजनालाई स्थानीयकृत दिगो विकासका लक्ष्यहरुसँग तादाम्य हुने गरी निर्माण गरिनेछ। विकास योजनाहरुको वातावरणीइ प्रभाव, गरिवी निवारण, लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी परीक्षण गरी कार्यान्वयनमा ल्याईने छ।

२५. वातावरण प्रतिकूल नहुने गरी नदिजन्य बालुवा, गिट्टी, ढुङ्गा सकंलन र वितरण गर्न कानूनी, नीतिगत र प्राविधिक आधार तय गर्दै आन्तरिक आम्दानीमा समेत बृद्धिको संभावना उजागर गरिनेछ।

२६. ढुङ्गाखानीहरुको पहिचान गरी IEE समेतका आधारमा व्यवसायिक उत्खनन र निकासीका माध्यमबाट रोजगारी, आय र स्थानीय राजस्वमा बृद्धिका लागि नीतिगत, व्यवाहारिक एवं कानूनी व्यवस्था मिलाईनेछ।

२७. गाउँपालिकाको क्षेत्रभित्र संघ तथा प्रदेश सरकारको एकल लगानीमा निर्माधिन भौतिक पूर्वाधरहरुमा स्थानीय जनताको स्वामित्वबोध गराई स्थानीय तहबाट अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था सहितको संयन्त्र निर्माणका लागि संघीय तथा प्रदेश सरकार र कार्यालयहरुसँग समन्वय गरिनेछ।

२८. आवास तथा वस्ति विकासका लागि फुस तथा खरको छाना भएका ५१२ घरपरिवारका आवासलाई जस्तापाताले प्रतिस्थापन गरिनेछ।

२९. पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदिजन्य एवं खानिजन्य ढुङ्गा, गिट्टी, वालुवाजस्ता बस्तहरुको आन्तरिक दोहन रोकी सोबाट मानव बस्ती तथा भौतिक संरचनामा पर्ने जोखिम न्यूनीकरणको कानूनी आधार खोज्दै स्थानीय सरकारको भूमिका एकिन गरी आवश्यक कार्य गरिनेछ।

**(ग) शिक्षा, युवा, खेलकुद तथा सामाजिक विकास सम्बन्धि नीति**

१. बालविकास कक्षा देखि नै सामुदायिक विद्यालयको गुणस्तर  अभिबृद्धि गरी क्रमशः आधारभूत तथा माध्यमिक विद्यालयको नतिजा सुधार गर्न बालविकास कक्षाहरुलाई सुविधा सम्पन्न कक्षाको रुपमा सुधार गरिनेछ। यसका लागि जनशक्ति, शिक्षक सिकाई क्रियाकलाप, शैक्षिक पूर्वाधार आदी पक्षको सुधार गरिनेछ।

२. **"शिक्षामा गुणस्तरः ५ र ८ को परीक्षा गाउँपालिका स्तर"** भन्ने उद्देश्यका साथ सामुदायिक तथा संस्थागत विद्याल बीचको शैक्षिक गुणस्तरको दूरीलाई न्यूनीकरण गर्दै सबल शिक्षा प्रणाली स्थापित गर्न कक्षा ५ र ८ को बार्षिक परिक्षा गाउँपालिका स्तरीय परीक्षाको रुपमा संचालन गरी गुणस्तरीय शिक्षा मार्फत विद्यार्थीको सिकाईकार्यलाई निरन्तरता दिईनेछ। भने कक्षा ६, ७ र ९ को वार्षिक परीक्षा गाउँपालिका स्तरिय प्रश्न-पत्र तयार गरी सञ्चालन गरिनेछ।

३. **"शिक्षकको पहिलो जिम्मेवारी: सामुदायिक विध्यालयमा पढाउ छोराछोरी"** भन्ने नाराका साथमा सामुदायिक विध्यालयका शिक्षक तथा कर्मचारीहरूले आफ्नो छोराछोरी अनिवार्य सामुदायिक विध्यालयमा पढाउनुपर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

४. **"सिर्जनशील शुक्रबारः विथार्थीको क्षमता उजागर"** भन्ने अभिप्रायका साथ गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रत्येक शुक्रबार पाठ्यपुस्तक रहित सिर्जनात्मक कक्षा संचालन गरी विद्यार्थीको रुची र ज्ञानमा आधारमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने प्रत्येक हप्ताको शुक्रबार **"बुक होलिडे"** को रुपमा कक्षा वा शैक्षिक क्रियाकलाप संचालन गर्न निर्देशित गरिनेछ। उक्त दिन कला, योगा, साहित्य, संगित, खेलकुद लगायतका सिर्जनात्मक क्रियाकलाप तथा इमान्दारिता, अनुशासन, सदाचारिता सम्बन्धी व्यवहारिक शिक्षा प्रदान गरी विद्यार्थीको शैक्षिक क्षमता उजागर गर्न प्रोत्साहन गरिनेछ।

५. छात्रवृत्ति कोषको स्थापना गरी माध्यमिक तहसम्म अध्ययन गर्ने गाउँपालिका क्षेत्रभित्रका अनाथ, असहाय, विपन्न, दलित सीमान्तकृत, अपाङ्ग, पिछडा, विपन्न र न्यून आय भएका व्यक्तिहरुलाई लाभान्वित हुने वातावरण सिर्जना गरिनेछ।

६. सार्वजनिक सेवा प्रति युवाहरुको आकर्षण अभिवृद्धि गर्न पालिकाभित्रका कक्षा १२ र स्नातक तह शिक्षा उतिर्ण गरेका युवाहरुको लागि गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा इन्टर्नसिप कार्यक्रम संचालन गर्न पहल गरिनेछ। गाउँपालिकाले खुलाउने रोजगारका आवसरहरुमा इन्टर्नसिप गरेका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिईनेछ।

७. गाउँपालिका भित्र सिकाई उपलब्धी बढी भएका विद्यालयसँग सिकाई उपलब्धी कम भएका विद्यालयहरुको सम्बन्ध स्थापित गरी शिक्षक तथा विद्यार्थीहरु माझ असल अभ्यासका अनुभव आदान प्रदान गर्ने कार्य संचालन गरिनेछ।

८. समाजमा बढ्दै गएको अनुशासनहीनता र व्यक्तिवादीपनलाई निरुत्साहन गरी सामुहिक भावना, मेलमिलाप, नैतिकता र सहिष्णुताको भावना विकास गर्न विद्यालय शिक्षाको आधारभूत तह देखि नै स्थानीय पाठ्यक्रम लागु गरी सदाचार, इमान्दार र अनुशासित बनाउन प्रयाश गरिनेछ।

९. खेलाडीहरुको सम्मान र हौसलाको लागि विभिन्न खेल विधामा पालिकाका अब्बल खेलाडीहरु समेटी **"फालेलुङ स्पोर्ट अवार्ड"** कार्यक्रम संचालन गरी खेल क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने खेलाडीहरुलाई सम्मान र पुरस्कृत गरिनेछ।

१०. गाउँपालिका क्षेत्रभित्रका खेल मैदानहरुको प्राथमिकताको आधारमा स्तरोन्नती र विकास गरिनेछ। साथै राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता, फालेलुङ गोल्डकप लगायतका खेलकुद कार्यक्रमलाई निरन्तरता दिईनेछ। वडा नं. २ स्थित निर्माणाधिन रहेको रंगशाला निर्माणको कार्यलाई पूर्णता दिनका लागि संघीय सरकारसँग समन्वय र अनुरोध गरिनेछ।

११. युवाहरुमा बढ्दै गएको प्रतिस्पर्धाको भावनालाई सन्तुलित गर्दै प्रतिस्पर्धा सँगसँगै स्वयंसेवाको भावनालाई पनि जागृत गर्दै लगिनेछ। प्रत्येक वडामा सामाजिक कार्यमा स्वयंसेवाको भावना अनुरुपका क्रियाकलापहरु संचालन गर्न यूवा स्वयंसेवीहरुको छनोट गरी परिचालन गरिनेछ। स्वयंसेवा मार्फत प्राप्त हुने सामाजिक पुँजी र यूवाहरुको साहस, सृजनशीलता, आत्मविश्वास, अनुशासन र उद्यमशीलता जस्ता मानवीय पुँजी बीच संयोजन गरी समाज विकासमा प्रयोग गरिनेछ।

१२. स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी कम्तिमा महिनाको एक पटक "विद्यार्थी स्वास्थ्य कार्यक्रम" संचालन गरी विद्यार्थी समग्र शारिरीक एवं मानशिक स्वास्थ्यका साथमा विशेषतः यौनावस्थाका वालवालिकाहरुको शारिरीक परिवर्तन सम्बन्धी मनोसामाजिक परामर्श प्रदान गरिनेछ।

१३. सामुदायिक बिद्यालयका छात्राहरुलाई प्रोत्साहन गर्न स्यानिटरी प्याड वितरण कार्यलाई व्यवस्थित गरिनेछ।

१४. संघिय सरकारबाट सशर्त अनुदान वापत प्राप्त भएको दिवा खाजा कार्यक्रमलाई साप्ताहिक मेनु तयार गरि स्थानिय रैथाने उत्पादनसँग आवद्द गरी सबै सामुदायिक विद्यालयमा प्रभावकारी रुपमा लागू गरिने छ।

१५. विद्यालय अनुगमन, सुपरिबेक्षण तथा मुल्याङ्कन लाई आधुनिक तथा प्रविधिमा आधारित बनाउन विशेष जोड दिइने साथै सामुदायिक बिद्यालयका शिक्षक, राष्ट्र सेवक कर्मचारी तथा जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा नै भर्ना गरी पठन पाठन गराउनका लागि विद्यार्थी टिकाउने, सिकाउने र बिकाउने अभियान सञ्चालन गरिने छ।

१६. माद्यमिक तह कक्षा ९-१२ र आधारभुत तह कक्षा ६-८ का शिक्षकहरुलाई गुणस्तर अभिबृद्दि गर्नका लागि बिषयगत तालिमको ब्यवस्था गर्नुका साथै शिक्षाको आधार स्तम्भका रुपमा रहेको प्राथमिक शिक्षाको बिकास गर्न शिक्षकलाई थप दक्ष तथा क्षमतावान बनाउन आवश्यक पहल गरिने छ।

१७. **"फालेलुङको मौलिक विशेषता विद्यार्थीमा ज्ञानको आवस्यक्ता"** भन्ने नाराका साथ कक्षा-८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक नेपाली र लिम्बु (याक्थुङ) मातृभाषा र सिरिजंगा लिपीमा निर्माण गरि कार्यान्वयमा ल्याइनेछ।

१८. प्राविधिक धार सञ्चालित विद्यालयमा बिद्यार्थी सख्या वढाउन विद्यालय सँग सहकार्य गर्नुका साथै आवश्यक बजेट ब्यवस्था मिलाइने छ।

१९. एकिकृत शैक्षिक सुचना ब्यवस्थापन प्रणाली ईमिसमा विद्यार्थीको फोटो अनिवार्य गरि तथ्याङक प्रणालीलाई बैज्ञानिक, विश्वनिय , वस्तुनिष्ट र व्यवहारीक बनाइ सत्यापन गरिनेछ।

२०. **"जग बलियो भयो भने मात्रै घर बलियो"** हुन्छ भन्ने उक्तिलाई सार्थक पार्नला लागि बिद्यालय शिक्षाको आधारका रुपमा चिनिएको बालबिकास शिक्षालाई आवश्यक पर्ने सामग्रीहरुको ब्यवस्थापन मिलाइ आधुनिक तरिकाबाट सिकाईलाई अगाडि लैजाने ब्यवस्था मिलाइने छ।

२१. सामुदायिक विद्यालयको सुदृढीकरण हाम्रो अभियान भन्ने मुल नाराको साथ सामुदायिक विद्यालय प्रती समुदायको विश्वास र अपनत्व बढाउनका लागि अभिभावकहरुलाई शैक्षिक जागरण तथा चेतनामुलक कार्यक्रम, अभिभावक शिक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

२२. विद्यालय ब्यवस्थापन समिती र शिक्षक अभिभावक संघको क्षमता अभिबृद्दि गर्नका लागि क्षमता बिकास कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ।

२३. आधुनिक सुचना प्रणालिमा जोड दिदै इमेल इन्टरनेट को माध्यमाबाट शिक्षण गर्नेका लागि सबै सामुदायिक बिद्यालयमा फाइबर नेट जडान गर्ने ब्यवस्था मिलाइनेछ।

२४. सामुदायिक विद्यालयका शिक्षकहरुको कर्मचारी विवरण सहितको व्यक्तिगत अभिलेख खाता गाउँपालिकामा राखी एकिकृत विवरणलाई व्यवस्थित गरी राखिनेछ।

२५. शिक्षक तथा राष्ट्रसेवक कर्मचारीहरु प्रत्यक्ष रुपमा कुनै राजनीतिक गतिविधिमा संलग्न हुन नदिई निष्पक्ष शैक्षिक तथा प्रशासनिक वातावरण सिर्जना गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

२६. लागु पदार्थ दुर्व्यशनी, साईवर अपराध, लैंगिक हिंसा र वाल विवाहबाट वालवालिकामा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न विद्यालय र समुदाय स्तरबाट नै सचेतना कार्यक्रम संचालन गरिनेछ।

२७. समग्र शिक्षा क्षेत्रको सुधारको महत्वपूर्ण कडीको रुपमा रहने विद्यालय व्यवस्थापन समितिलाई अन्तर स्थानीय तह अनुभव आदान प्रदान, शैक्षिक योजना तयारी र कार्यान्वयन लगायतका क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

२८. सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरन सामुदायिक विद्यालय सुधार कार्ययोजना तयार गरिनेछ र यसलाई क्रमशः कार्यान्वयन गरिनेछ।

२९. मानव मर्यादाको गाउँपालिका निर्माणका लागि विभेद तथा छुवाछुतका विरुद्ध सामाजिक अन्तर घुलनका कार्यक्रमहरु संचालन गर्दै समानता युक्त गाउँपालिका निर्माणका लागि जागरणका कार्यक्रम लागु गरिनेछ।

३०. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका नागरिकलाई दिईने भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्ने गरि निरन्तरता दिईनेछ। उक्त भत्तालाई जिविकोपार्जन, आर्थिक उपार्जनमा सहयोगीको रुपमा लिईने नीति अबलम्बन गरिनेछ।

३१. सामाजिक सुरक्षाको वितरण प्रणालीलाई छिटो, छरितो तथा प्रविधिमा आधारित बनाउँदै सामाजिक सुरक्षा भत्तालाई गाउँ कार्यपालिकाबाटै सिधै विद्युतीय रकम हस्तान्तरण (EFT) गर्नको लागि लागु गरिनेछ।

३२. सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउनका लागि प्राईम बैंकसँग मूर्त रुपमा छलफल गरी कार्यान्वयन गरिनेछ।

३३. **"हाम्रा सन्तती, भोलिका सम्पति"** भन्ने नाराका साथ अपाङ्गता भएका शिशुहरुको जन्मलाई रोकी वालावस्थामै उपचारको प्रबन्ध गर्दै अपाङ्गता भएका व्यक्तिका परिवारलाई आत्मनिर्भर बनाउनका लागि करुणा फाउण्डेशनसँग प्राविधिक सहकार्य गरिनेछ।

३४. अपाङ्गता भएका व्यक्ति, महिला, दलित, एकल महिला, अशक्त, असहाय अवस्थामा रहेका तथा आर्थिक रुपमले विपन्न नागरिकालाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ।

३५. **"बसौं-बसौं, फालेलुङ"** भन्ने नाराका साथ वसाईसराई गरी जानेलाई निरुत्साहित गर्दै वसाईसराई गरी अन्य स्थानबाट यस पालिकामा आउनेको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ।

३६. **"एक दम्पति, परिवारको सम्पत्ती"** भन्ने नाराका साथ सम्बन्ध विच्छेदलाई निरुत्साहित गर्ने नीति लिईनेछ।

३७. प्रत्येक विद्यालयमा खेल शिक्षक तोकी खेलकुद क्यालेन्डर समेत तयार गरिनेछ।

**घ) स्वास्थ्य सम्बन्धि नीति**

१. **"स्वास्थ्य सेवामा विस्तारः घरदैलोमा स्थानीय सरकार"** भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा आम जनताको पहुँच सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई घरदैलोमा पुऱ्याई स्थानीय सरकारको उपस्थितिको अनुभूती गराईनेछ। यसका लागि नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधीहरुलाई सबै स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क तथा सहज तवरले वितरण गर्नका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

२. निःशुल्क वितरण गरिने औषधीका बारेमा आम नागरिकलाई जानकारी दिनका लागि आवश्यक फ्लेक्सको व्यवस्था गरिनेछ।

३. सबै स्वास्थ्य संस्थाहरुबाट राष्ट्रिय मापदण्ड बमोजिमका स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराईनेछ।

४. प्रत्येक वडामा कार्यरत स्वास्थ्यकर्मी र स्वयंसेविकाहरुबाट घरदैलोमा गई प्रत्येक महिनाको कम्तिमा एक पटक जेष्ठ नागरिक एवं दीर्घरोगीको स्वास्थ्य जाँच गरिनेछ।

५. आर्थिक रुपमा विपन्न नागरिकको औषधी उपचारका लागि पालिकाले दिने आर्थिक सहयोगलाई निरन्तरता दिँदै संघीय सरकारले विशेषः प्रकारका दीर्घ रोगिहरुलाई दिने मासिक पाँच हजार रुपैँया रकमलाई प्रत्येक त्रैमासिक रुपमा निकासाको व्यवस्था मिलाईने छ।

६. स्वास्थ्य विमा कार्यक्रमको पहुँचमा विस्तार गरिनेछ।

७. सूर्तिजन्य पदार्थ तथा मादक पदार्थको किनबेच र सेवनलाई सार्वजनिक स्थानमा निशेष गरिनेछ।

८. स्वास्थ्य क्षेत्रका तथ्याङ्कलाई व्यवस्थित गर्नका लागि प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ।

९. सिदिन सामुदायिक संस्थाको एम्बुलेन्सको प्रयोग गर्दै गाउँपालिका क्षेत्रभित्र एम्बुलेन्स सेवाको पहुँचमा विस्तार गरिनेछ।

१०. मानव स्वास्थ्य तथा प्रकृतिमा असर पार्ने विषादीको बेचबिखन र प्रयोगलाई नियमन गरिनेछ।

११. गाउँपालिका क्षेत्र भित्र पर्ने स्वास्थ्य चौकीहरुमा Medical Waste Management System को व्यवस्था गरी अस्पतालजन्य फोहोरमैलाई बैज्ञानिक व्यवस्थापन गरिनेछ।

१२. पाँचथर सदमुकाम फिदिममा उपचारका लागि जाने आम फालेलुङबासीहरुलाई रगत अभाव हुन नदिन नेपाल रेडक्रस पाँचथरसँगको साझेदारीमा ब्लड बैंक व्यवस्था गरिनेछ।

१३. २४ सै घण्टा संचालनमा रहेका वर्थिङ सेन्टरहरुमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ। स्वास्थ्य संस्थामा खाली दरबन्दी भएको अवस्थामा तत्कालै कर्मचारीहरुको नियुक्तीलाई नियमित गरिनेछ।

१४. महिला स्वास्थ्य स्वयमसेविकाहरुको प्रोत्साहनका लागि सञ्चार, खाजा तथा यातायात खर्च वापत मासिक संचार खर्चको व्यवस्था गरिनेछ।

१५. कुपोषणबाट अति प्रभावित बालबालिकाहरुको स्वास्थ्यमा पर्याप्त ध्यान दिईनेछ। उपचार गर्न गाउँपालिकाको प्राविधिक क्षमताले नसकिने बालबालिकाहरुलाई सम्बन्धित निकायमा सिफारिस गरि पठाईनेछ।

१६. नेपालको संविधानले सम्पूर्ण नेपालीहरुलाई न्युनतम आधारभुत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउने प्रतिबद्धता अनुरुप स्वास्थ्य संस्थाहरुको लागि चाहिने न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयनको लागि उचित रकम व्यवस्थापन गरिनेछ।

१७. विगतका बर्षहरूदेखी संचालनमा रहेको अपाङगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा निरन्तरता दिईनेछ साथै स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ।

१८. जेष्ठ नागरिक, असक्त, अपाङ्गहरुको मासिक रुपमा घरदैलो भेटघाट तथा निजहरुको समग्र अवस्थाको बारेमा जानकारी लिई तदअनुरुप कार्यक्रम संचालनका लागि प्राथमिकता दिईनेछ ।

१९. गर्भवती महिलाहरुको लागि निःशुल्क क्याल्सियम, फोलिक एसिड वितरण गरिनेछ । घरघरमा शून्य प्रसुति गराउने कार्यलाई पूर्ण रुपमा रोकी संस्थागत प्रसुति गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । साथै पालिकाबाट रेफर भएका सुत्केरीको लागि आकस्मिक रुपमा खुनको कमीले गर्दा आउने समस्याका लागि नेपाल रेडक्रस सोसाईटी पाँचथरसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ ।

२०. सामाजिक मनोपरामर्श सेवाका कार्यक्रमहरु संचालन गरिनेछ ।

२१. गाउँपालिकामा स्थापना भएका स्वास्थ्य ल्यावको दिगो संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ।

२२. विपन्न नागरिक स्वास्थ्य सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ । विपन्न नागरिक औषधि उपचार खर्चलाई गाउँपालिकाबाट उपलब्ध गरि सोधभर्ना गर्ने नीति लिईनेछ ।

२३. नसर्ने रोगहरु जस्तै मधुमेह, उच्च रक्तचाप, COPD, थाइराइड, दम, पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर जस्ता रोगहरुको समयमै पहिचान गरी उपचारको दायरामा ल्याउनको निम्ति विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीद्वारा ८ वटै वडामा स्क्रिनिङ सिविर संचालन गरिने छ ।

२४. फालेलुङ गाउँपालिकालाई क्रमश क्षयरोग उन्मुलन उन्मुख गाउँपालिकाको रुपमा घोषणा गरिने छ ।

२५. फालेलुङ गाउँपालिकाका वडा नं.२,३ र ५ मा कुष्ठरोगका विरामीहरु औषधी उपचारकै क्रममा रहेका हुनाले सोही समुदायमा कुष्ठरोग पहिचानको लागि स्क्रिनिङ कार्यक्रम संचालन गरिने छ ।

२६. जिल्ला अस्पताल पाँचथरको सर्वेक्षणको आधारमा हाल पाँचथरमा HIV/AIDs को विरामिहरुको संख्या बढ्दो क्रममा रहेको कारणले गर्दा यस फालेलुङ गाउँपालिकाको लक्षित समुहलाई स्क्रिनिङ जाँच गराई रोगको पहिचान तथा उपचारको दायरामा ल्याउने व्यवस्था गरिने छ ।

२७. फालेलुङ गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको कक्षा ८,९ र १० मा स्वास्थ्य शाखाद्वारा तयार पारिएको विषयवस्तुमै रही स्वास्थ्यकर्मीहरुद्वारा महिनाको प्रत्येक शुक्रवार विद्यालय स्वास्थ्य शिक्षा (School Health Program) कार्यक्रम संचालन गर्ने व्यवस्था गरिने छ ।

२८. स्वास्थ्य बिमा अभिकर्ता, स्वास्थ्यकर्मी र सेवाग्राही बिचमा जनचेतना मुलक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी स्वास्थ्य बिमा कार्यक्रमलाई शतप्रतिशत पुर्याइनेछ ।

२९. स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत सबै नागरिकहरुलाई स्वास्थ्य विमामा पहुँच विस्तार गर्न सूचना तालिम अन्तर्क्रिया लगायत कर्मचारी व्यवस्थापनका साथै गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा प्रदान गरिने सबै सेवा सुविधा तथा सिफारिस लिनका लागि पनि स्वास्थ्य विमा प्रमाण पत्र अनिवार्य हुनुपर्ने नीति अनिवार्य गर्ने नीति अख्तियार गरिनेछ । स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वयन बारेमा अनुगमन गरिनेछ । विमा लागु हुने अस्पतालको जानकारी, विमाबाट लिनसक्ने सुविधाहरु समेतका बारेमा विमा अभिकर्ताहरुलाई दक्ष बनाईनेछ ।

३०. उच्च रक्तचाप, मधुमेय,क्यानसर, दम, मिर्गौला, कलेजो र महिलाहरुको पाठेघर सम्बन्धी रोगको रोकथाम, पहिचान,परीक्षण र उपचारका लागि अभियान र घुम्ती सेवाको विस्तार गरिनेछ ।

३१. जिल्ला प्रशासन कार्यालय र अन्य सम्बन्धित निकायहरुसँग समन्वय गरी उपभोक्ताको हित संरक्षणका लागि कानूनी व्यवस्था गर्दै व्यवपारिक कारोबारमा स्वच्छता, प्रतिष्पर्धा र अनुशासन कायम गर्न गराउनका लागि महिनाको एक पटक गाउँपालिकाको वजार क्षेत्रको अनुगमन गरिने व्यवस्था मिलाईनेछ

३२. **"स्थानीय सरकारको टेलिमेडिसियन"** को परिकल्पनाका साथमा आधारभूत स्वास्थ्यसँग सम्बन्धित २४ सै घण्टा स्वास्थ्य सेवा परामर्श प्रदान गर्नका लागि स्वास्थ्य परामर्श सेवा हटलाईनको अवधारणा विकास गरिनेछ ।

३३. स्वास्थ्य संस्थाहरुको व्यवस्थापनका सूचकहरुको आधारमा पालिकाभित्र मध्येका स्वास्थ्य संस्थाहरुमध्ये उत्कृष्ट स्वास्थ्य संस्था छनोट गरी पुरस्कृत गरिनेछ ।

३४. मातृ तथा नवजात शिशु स्याहार एवं उपचार सेवाका लागि कार्यक्रम संचालन गरिनेछ।

**ङ) फोहोर मैला व्यवस्थापन तथा वन वातावरण सम्बन्धि नीति**

१. फालेलुङ गाउँपालिकाबाट उत्पादन भएको फोहोरलाई सुरक्षित र व्यवस्थित रुपमा व्यवस्थापन गर्नको लागि एक ल्याण्ड फिल्ड साइट निर्माण तथा फोहोर मैला व्यवस्थापन नीति तयारमा परामर्श लिनका लागि आवश्यक बजेटको व्यवस्था गरि विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ।

२. स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेरका सामुदायिक वनहरुको वार्षिक कार्ययोजना तर्जुमा एवं नविकरण गर्न अनिवार्य स्वीकृत गराइनेछ। गोलिया कटान गर्नको लागि वातावरणीय असरहरु खडेरी, बाढी तथा पहिरो लगायतको प्रभाव पर्छ पर्दैन भनि प्राविधिक समितिबाट अध्ययन गरी कटान आदेश गर्न उपयुक्त छ भनि सिफारिस भए मात्र कटान सिफारिस दिने आवश्यक प्रबन्ध गरिनेछ।

३. बहुमूल्य तथा लोपोन्मुख जडिबुटी तथा वनस्पतिहरुको संरक्षण र संवर्द्धन गरी अवैध चोरी निकासीलाई अन्त्य गर्न पहल गरिनेछ।

४. **"आफ्नो जन्मदिनः हराभरा बनाउने दिन"** भन्ने ध्येयका साथमा कर्मचारी, शिक्षक र जनप्रतिनिधीको जन्मदिनमा वातावरण संरक्षण गर्नको लागि केहि न केहि योगदान गर्ने असल संस्कृतिको विकास गरिनेछ।

५. कवुलियती वनलाई क्रमशः सामुदायिक वनमा रुपान्तरण गर्दै कवुलियती वन क्षेत्रले पर्यटन पूर्वाधार विकासको लागि गरेको गतिरोध अन्त्य गरिनेछ।

६. वातावरणमैत्री स्थानीय शासन प्रारुप बमोजिम गाउँपालिकाको आफ्नै वातावरणमैत्री स्थानीय शासन निर्देशिका तयार गरी प्रदेश र संघीय सरकारसँग समन्वयमा कार्यान्वयन प्रक्रिया अगाडी बढाईनेछ। टोल विकास संस्था तथा अन्य सरोकारवालाहरुलाई वातावरणमैत्री स्थानीय शासन प्रारुपका सूचकहरु अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

७. खोलामा पाईने असला, वाम तथा तितेमाछाको संरक्षणका लागि खोलामा करेन्ट लगाई माछा मार्ने प्रवृत्तीको अन्त्य गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिने छ। फालेलुङमा पाईने माछाको संरक्षण गरी आन्तरिक आयको श्रोतको बनाईनेछ।

८. स्थानीय तहको समन्वयमा समुदायको सक्रिय सहभागितामा वनको संरक्षण कार्यक्रम संचालन गरिनेछ।

९. कबुलियति वनले सिर्जना गरेको समस्याको समाधान गरिनेछ।

१०. सम्भाव्य वन क्षेत्रमा फलफूल तथा कृषि उत्पादनको सम्भाव्यताको अध्ययन गर्दै सोको लागि कार्ययोजना तयार गरिनेछ।

११. गाउँपालिकामा पाईने दुर्लव वन्यजन्तु जस्तै रेड पाण्डाको संरक्षणको लागि रेडपाण्डा उपलब्ध हुने क्षेत्रको पहिचान गरी रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गर्दै अन्तरराष्ट्रिय रेड पाण्डा दिवश भव्यताका साथ मनाउनका लागि वजेट व्यवस्थापन गरिनेछ।

१२. **"सामुदायिक वनः आर्जन गरौँ धन"** अभियान अन्तर्गत सामुदायिक वनक्षेत्रको कार्ययोजना तयार गरि आम फालेलुङ बासीमा आर्थिक उपार्जनको मूख्य माध्यम बनाईनेछ।

**च) विपद व्यवस्थापन सम्बन्धी नीति**

१. गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष र राहत उद्धार कोषको व्यवस्थाको लागि वजेट विनियोजन गरिनेछ।

२. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण तथा संरक्षण तथा संवर्द्धनमा जोड दिइनेछ।

३. दैविक प्रकोप तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरुलाई तत्काल स्थलगत रुपमा नगद तथा राहत हस्तान्तरण गरिनेछ।

४. विपद कार्ययोजना निर्माण गरिनेछ। विपद कार्ययोजनाले औल्याएका क्षेत्रमा बजेट व्यवस्था गरिनेछ।

५. विपद् व्यवस्थापनको रणनैतिक योजना तयार गरी पालिकास्तरीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गर्दै उक्त केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको खरिद गरी व्यवस्थापन गरिनेछ।

६. व्यवहारिक एवं अध्ययनमा आधारित फालेलुङ गाउँपालिकाको विपद प्रतिकात्मक योजना तयार गरी सो को कार्यान्वयन तत्काल गरिनेछ।

७. गाउँपालिकाको वजार क्षेत्रहरुः सखरखण्डे, गुरुङटार, सिदिन, प्राङबुङ, थकेपुङ र पंञ्चमुखीमा आगलागीको सम्भावित जोखिमलाई न्यूनीकरण गर्नका लागि वजार क्षेत्रमा कम्तिमा पाँच हजार लिटरको रिजर्भ ट्याङ्कमा पानी र फोहोरा हान्ने पाईपको व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने कार्यको सुरुवात गरिनेछ।

८. फालेलुङ गाउँपालिका विपद् जोखिमको सूचकमा "**बहु प्रकोप**" रेड जोनमा परेको हुँदा विपद् व्यवस्थापनका लागि यथोचित व्यवस्थापन गरिनेछ।

९. विपद् पूर्वतयारी, जोखिम आंकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभिका क्रियाकलापहरु संघ र प्रदेश सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र, सुरक्षा निकाय, नागरिक समाज, टोल विकास संस्था र युवा समूह/क्लवसँग समन्वय र सहकार्य गर्दै "**फालेलुङ गाउँपालिकाको विपद् प्रतिकार्यको मोबाईल समूह**" गठन गर्दै उक्त समूहलाई आवश्यक विपद् प्रतिकार्यसँग सम्बन्धित आवश्यक सामाग्री तथा औजारहरु खरिद गरी टोल विकास संस्थालाई हस्तान्तरण गर्नका लागि वजेट व्यवस्था गरिनेछ।

१०. फालेलुङ गाउँपालिका बाट कार्यान्वयन हुने सबै भौतिक निर्माण तर्फका योजनालाई वायो ईन्जिनियरिङ संरचना अनुसार लगिनेछ।

११. प्राकृतिक विपत्ति र भुक्षय, बाढि पहिरो जस्ता विपद बढ्दै गएकोले कुल वन क्षेत्रको निश्चित प्रतिशत मात्र रूख कटान गर्न पाउने नीति लागु गरिनेछ।

१२. प्रत्येक घरपरिवारले सबै आर्थिक वर्षको घरधुरी कर, घर अभिलेखीकरण गरेको भए मात्र विपद हुँदा मापदण्ड बमोजिम तोकिएको रकम पुरै उपलब्ध गर्ने अन्यथा सोको ७५ प्रतिशत मात्र उपलब्ध गर्ने नीति लिईनेछ।

**छ) संस्थागत सुशासन, सेवा प्रवाह तथा सूचना प्रविधि सम्बन्धि नीति**

१. "**हिसाबमा रुजुः शून्य बेरुजु**" भन्ने मूल नीतिलाई आत्मसाथ गर्दै फालेलुङ गाउँपालिकाबाट हुने आर्थिक हिसाबहरुको लेखा चुस्त दुरुस्त राख्दै पालिकालाई देशकै शून्य बेरुजु भएको पालिका बनाउने महाअभियान संचालन गर्दै बेरुजुमा शून्य सहनशिलता नीति अबलम्बन गरिनेछ। गाउँपालिका स्थापना भएदेखिको बेरुजुको अभिलेखलाई वर्गिकरण गर्दै बैज्ञानिक अभिलेखीकरण गरिनेछ। गाउँ विकास समिति हुँदाको बेरुजुको विवरणको खोज गर्दै सोको समेत फछ्र्योटको लागि पहल गरिनेछ।

२. शून्य बेरुजुको महाअभियानमा खटिने कर्मचारीलाई सम्मान गरिनेछ।

३. कर्मचारी वा जनप्रतिनिधीको कारणबाट देखा पर्ने बेरुजूका बारेमा स्वयं व्यक्तिलाई नै जिम्मेवार बनाईनेछ

४. महालेखापरीकको कार्यालयबाट प्रकाशन भएको लेखापरीक्षण प्रतिवेदनको छलफल गाउँ कार्यपालिका तथा गाउँ सभामा हुने व्यवस्था मिलाईनेछ।

५. जनप्रतिनिधी र कर्मचारी बीच बेरुजु सम्बन्धी साझा धारणा विकास गरी सोहि बमोजिम बेरुजु फछ्र्योटको काम गरिनेछ।

६. बेरुजु फछ्र्योट तथा सम्परीक्षणको लागि कानूनमा भएको व्यवस्था बमोजिम फोकल पर्सन तोकी बेरुजु फछ्यौंट तथा सम्परीक्षण सम्बन्धी कामकाज गराईनेछ।

७. बेरुजु आउनै नदिने उपायका बारेमा कर्मचारी र जनप्रतिनधीहरुबीच महिनामा कम्तिमा एक दिन छलफल तथा अन्तरक्रिया गरी निर्णय पारित गर्दै कडाईका साथमा पालना गरिनेछ।

८. सार्वजनिक लेखा समितिका सदस्यहरुको क्षमता अभिबृद्धिका लागि रु. पाँच लाख वजेट विनियोजन गर्दै बेरुजु फछर्योट तथा सम्परीक्षण सम्बन्धी क्षमता विकास तालिम तथा बेरुजुको अभिलेखिकरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

९. सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शि, जनउत्तरदायी, सुदृढ एवं जवाफदेही बनाउँदै सुशासनको प्रत्याभूति दिलाईनेछ।

१०. सार्वजनिक प्रशासन संयन्त्रलाई छिटोछरितो र नतिजामूखि बनाउँदै काम गर्ने कर्मचारीलाई पुरस्कृत र प्रोत्साहन गरिनेछ।

११. सबै वडा कार्यालयबाट अनलाईनबाट व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१२. सामाजिक सुरक्षा भत्ता वितरण इलेक्ट्रोनिक फण्ड ट्रान्सफर मार्फत कार्यान्वयन गरी थप व्यवस्थित गरिनेछ।

१३. जनगुनासो संवोधनका लागि हरेक वडामा गुनासो सुनुवाई केन्द्रको स्थापना गरी संचालनमा ल्याईनेछ।

१४. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई बैज्ञानिक र वस्तुनिष्ट वनाईनेछ।

१५. सबै तहबाट संचालन हुने कार्यक्रमहरुमा कार्यन्वयन गर्न कार्यक्रम संचालन निर्देशिका तयार गरि लागु गरिनेछ।

१६. विधुतमा नियमित पहुँचको लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा प्रत्येक वडामा थप कर्मचारीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धन एवं मर्यादित स्थानीय पत्रकारिताको विकासका लागि सम्मान गर्दै वजेट व्यवस्थापन गरिनेछ। फालेलुङ गाउँपालिकाको विकासको साझेदारको रुपमा रहेको पत्रकारहरुको समूहसँग नियमित छलफल एवं अन्तरक्रिया गरी निरन्तर सकरात्मक सुझाव प्राप्त गर्ने व्यवस्था मिलाईनेछ।

१८. कार्यपालिकाको बैठकका निर्णयहरु, वेब साइट तथा संचार माध्यम मार्फत सार्वजनिक गर्ने व्यवस्था अवलम्बन गरिनेछ।

१९. पारदर्शिता, जवाफदेहिता, कर्तव्यनिष्ठताका साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्रि एवं बेरुजु रहित गाउँपालिका बनाईनेछ।

२०. गाउँपालिका अन्तर्गतका कार्यालय र संस्थाहरुबाट प्रवाह हुने सेवा सम्बन्धमा प्रत्येक महिनाको कम्तिमा एक पटक अनुगमन गरिनेछ।

२१. नागरिक सहायता कक्ष, सुचना अधिकारी, नागरिक वडापत्र, उजुरी पेटिका, गुनासो पेटिका, प्रवक्ता तथा खर्च सार्वजनिकरण व्यवस्थालाई प्रभावकारी बनाईनेछ।

२२. "**जनताको कारवाही-सार्वजनिक सुनुवाई**" भन्ने नाराका साथ गाउँपालिकाले आफुले संचालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ। साथै विषयगत क्षेत्रवाट संचालन भएको सेवा र कार्यक्रमहरुको समेत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाइनेछ।

२३. "**उत्कृष्ट काम, जनजनमा नाम**" भन्ने नाराका साथ मापदण्ड बनाई कर्मचारीहरु तथा शिक्षकहरुको कार्यक्षमताको मुल्याङ्कन गरी उत्कृष्ठ कार्य गर्ने कर्मचारी/शिक्षकलाई पुरस्कृत गरिनेछ।

२४. कर्मचारीहरुको क्षमता विकास गर्नको लागि तालिमको व्यवस्था गरिनेछ।

२५. मुस्कान सहितको सेवा प्रवाहलाई विस्तार गर्दै कार्यालय समय वाहेक समेत आकस्मिक सेवा प्रवाह व्यवस्थापनका लागि व्यवस्था गरिनेछ।

२६. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधारको रुपमा शाखागत बेरुजुलाई लिने नीति अबलम्बन गर्दै अविलम्व वेरुजु फछर्योट गर्न/गराउन लगाई शुन्य वेरुजुको नीति लिईनेछ।

२७. सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी तथा भ्रष्टाचार मुक्त वनाई सुशासनको प्रत्याभूती गराउन कठोर कदम चालिनेछ।

२८. पुँजिगत वजेटलाई लक्ष्य बमोजिम खर्च गर्नका लागि कार्यान्वयन योग्य योजनाहरुमा मात्र वजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ। पुँजिगत खर्च बढाउनका लागि कार्यान्वयनसँग सम्बद्ध कर्मचारी, जनप्रतिनिधी र निर्माण व्यवसायीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। मासिक रुपमा पूँजिगत वजेटको खर्च अवस्थाको समिक्षा गरी योजना कार्यान्वयनको चरणमा देखा पर्ने समस्याहरुलाई समाधान गर्दै लगिनेछ।

२९. सेवाग्राहीहरुको सहजताको लागि वडा कार्यालयहरुबाट कार्यान्वयन हुने सबै योजनाहरु तथा रु. दश लाख सम्मको योजनाको वडा कार्यालयहरुमा नै योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३०. पालिकाले संचालन गर्ने विभिन्न कार्यक्रमहरुको बारे जनता तथा सम्बन्धित सरोकारवालहरुलाई सुसूचित गर्न समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

३१. गाउँपालिकाले सेवा प्रवाह मापदण्ड तयार गरी क्रमशः कार्यान्वयनमा ल्याउनेछ।

३२. गाउँ सभा र गाउँ कार्यपालिकाका विषयगत समितिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालनका लागि वजेट विनयोजन गरिनेछ।

३३. सार्वजनिक लेखा समितिलाई क्रियाशील बनाई महालेखापरीक्षकको कार्यालयबाट पालिकाकव नाममा कायम भएका बेरुजुहरुको संपरीक्षण तथा फछर्यौट गर्ने कार्यको लागि प्रत्येक महिना कम्तिमा दुई पटक बैठक बसी ठोस खाकाका कार्यविधि बनाई परिचालन गरिनेछ।

३४. सार्वजनिक खर्चको प्रभावकारितामा जोड दिँदै आर्थिक क्रयाकलाप संचालन गर्दा विनियोजन कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासन, न्यून संसोधनको मान्यतालाई अवलम्बन गरिनेछ।

३५. वहालवाल राष्ट्रसेवक कर्मचारी तथा सेवानिवृत्त विज्ञ राष्ट्रसेवक कर्मचारीहरु रहने गरी "**फालेलुङ गाउँपालिकाको प्रशासन तथा सेवा प्रवाह सुधार समिति"** गठन गरि पालिका र अन्तर्गतका कार्यालयहरुको दरबन्दी संरचना, व्यवस्थापन र सेवा प्रवाह स्तरको बस्तुनिष्ठ मूल्याङ्कन गरी प्रशासन सुधार प्रतिवेदन तयार गरी सोको कार्यान्वयन गरिनेछ।

३६. गाउँपालिकाको क्षमता विकास योजनाले लक्ष्य गरे अनुरुप सरकारी तथा गैर सरकारी तालिम प्रदायक संस्थाहरुसँग समन्वय तथा साझेदारी गरी जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

३७. गाउँसभालाई व्यवस्थित गर्न तथा गाउँ कार्यपालिकाको कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको हिउँदे अधिवेशन पुस मसान्त भित्रमा सम्पन्न गरिनेछ।

३८. गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवा प्रवाहलाई नियमित, प्रभावकारी, नतिजाउन्मुख तथा नागरिकमैत्री बनाउन जनप्रतिनिधि तथा कर्मचारी, शिक्षक एवं स्वास्थ्यकर्मीबीच आ.व. को शुरुमा नै कार्यसम्पादन सम्झौता गरी सोहो बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

३९. "यान्त्रिक उपकरण ( हलुका सवारी,हेभी सरकारी/मोटरबाइक/ स्कुटी आदी) तथा नवीकरणीय उर्जा प्रणाली (सौर्य उर्जा/ लघु जल विधुत/ वायोमास) को लागत अनुमान/ कार्य सम्पन्न निरिक्षण प्रतिवेदन बनाउनको लागि आ.व. २०८१/०८२ मा परामर्शदाता नियुक्त गरिनेछ।"

**ज) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धि नीति**

१. स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र रहेको जनसंख्या, भाषा , संस्कृति , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पती, रोजगार, संचार, प्रत्येक घरको नम्बर दिने जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गर्न विद्युतिय बस्तुगत विवरण आद्यावधिक गर्नुका साथै वडा सीमाना र स्थाननाम सहितको संकेत समेतको व्यवस्था गरिनेछ।

३. जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेदलगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्यरुपमा दर्ता गरि अभिलेखिकरण गर्न अभिप्रेरित गरिनेछ ।

४. न्यायिक समितिबाट भएको निर्णय व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

५. न्यायिक अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गर्दै लगिनेछ ।

**झ) घरनक्सा र भू-उपभोग सम्बन्धि नीति**

१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी,सार्वजनिक तथा सरकारी भवनहरु गाउँपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई प्रभाकारी वनाइनेछ ।

२. फालेलुङ गाउँपालिकाको भू-उपयोग योजना, २०८० लाई पूर्ण रुपमा कार्यान्वयन गरी गाउँपालिका क्षेत्रभित्रको जग्गाको बैज्ञानिक वर्गिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

३. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०६० लाई पूर्णतः पालना गराइनेछ ।

४. फालेलुङ गाउँपालिकाको नक्सा पासको व्यवस्था घोषणा हुनु पूर्व साविक गा.वि.स. भित्र निर्माण भएका घरहरुलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको दायरामा ल्याइनेछ ।

५. भवन सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ ।

६. भवन निर्माण गर्दा आउन सक्ने संभावित दुर्घटनालाई मध्यनजर गरी निर्माणकर्ता र निर्माण श्रमिकहरुको बीचमा करार गरी बिमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

७. भूःउपभोग नीति तथा डिजिटाईजेशनलाई कार्यान्वयनमा ल्याईनेछ ।

८. गाउँपालिका तथा वडा कार्यालयहरुलाई विभिन्न योजना तथा कार्यक्रमका लागि निःशुल्क रुपमा जग्गा प्रदान गर्ने जग्गादातहरुलाई उच्च सम्मान गरिनेछ ।

९. सरकारी अचल सम्पत्तीको लगत संकलन गरी अध्यावधिक गरिनेछ ।

१०. फालेलुङ गाउँपालिकाको भू-उपयोग नीति र योजनालाई कार्यान्वयनमा ल्याई भू-वर्गिकरणमा रहेका सम्सयाहरुलाई समधान गरिनेछ ।

११. गाउँपालिकाको कतिपय वडाहरुमा कयौँ वर्षबाट मालपोत कर नतिरि राखिएका वन तथा भीरपाखा क्षेत्र वा जग्गा बाझो पारि राखिएका जग्गाहरुको पहिचान गरि मालपोत कर संकलन गरिनेछ ।

**ञ) राजस्व अभिबृद्धि सम्बन्धि नीति**

१. स्थायी शुल्क संकलन केन्द्रः आकाशे भञ्ज्याङ, मन्दिरेटार (जोरपोखरी छेउ), गोरुवाले भञ्ज्याङ स्थापना गरि उपलब्ध कर्मचारीहरु खटाईनेछ । अस्थायी शुल्क संकलन केन्द्रः दबे (मेमेङ) र भैसें (प्राङबुङ) मा स्थापना गरि उपलब्ध कर्मचारी खटाईनेछ। यी शुल्क संकलन केन्द्रमा खटिएका कर्मचारीहरुले सम्बन्धित वडाबाट सिफारिस गरिएको वा नगरिएको चेकजाँच गर्ने । नगरेको भए शुल्क सिफारिस वापतको रसिद कट्टी गरि सिफारिसको लागि सम्बन्धित वडा कार्यालयमा समन्वय गर्ने । यस संकलन केन्द्रमा खटिने कर्मचारीले पर्यटन शुल्क समेत लिन सक्ने नीति लिईनेछ।

२. अस्वभाविक र न्यायोतित नभएका करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

३. **"स्थानीय करः विकासको एकमात्र भर"** भन्ने नाराका साथमा फालेलुङ गाउँपालिकाले कर संकलनमा "६ द" को कर नीति अवलम्वन गर्दै स्थानीय करलाई विकासको मूल मेरुदण्डको रुपमा अगाडि बढाउने नीति अख्तियार गर्नेछ । ६ द नीतिले क्रमशः करको दर न्यूनीकरण, करको दायरा विस्तृतीकरण, संकलन कर्ताको दक्षता अभिबृद्धि, दातामैत्री कर संकलनमा प्रोत्साहन, दोहोरोमुक्तता, दण्ड र पुरस्कारको व्यवस्थालाई जनाउँदछ)

४. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाले सेवा प्रवाह गर्ने प्रत्येक सिफारिस लगायतका कार्यमा राजस्व चुहावट रोक्न सिफारिस सफ्टवेयर जडान गरि शुल्क, कर, दस्तुर आदी संकलनमा अन्तर सम्बन्धित गरिनेछ।

५. गाउँपालिकाको राजस्व सुधार कार्ययोजनालाई अक्षरस परिपालना गरी आन्तरिक राजस्व संकलनबाट आत्मनिर्भरता तर्फ उन्मुख स्थानीय तह निर्माण गरिनेछ।

६. करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ।

७. राजश्व संकलनलाई व्यवस्थित गर्न, राजश्व चुहावट रोक्न तथा राजश्व संकलनलाई पारदर्शि बनाउन स्थानीय संचित कोषको प्रयोगलाई थप व्यवस्थित गरिने छ।

८. **"गाउँपालिकालाई कर, समृद्द गाउँ बनाउने रहर"** भन्ने नाराका साथ करदाताको सम्मानको लागि कर दिवसको दिन पालिकामा सबैभन्दा बढी राजस्व दाखिला गर्ने करदातालाई उत्कृषट करदाताको रुपमा सम्मान गरी फालेलुङ गाउँपालिकाको कर सद्धावना दुतको रुपमा परिचालन गरिनेछ। साथै सबैभन्दा बढी राजस्व दाखिला गर्ने ५ करदाताहरुको फोटो सहितको विवरण गाउँपालिकाको वेबसाईटमा राखि प्रत्येक वर्ष अध्यावधिक गरिनेछ।

९. आगामी आ.व. को वडागत विकास बजेट एवं भुक्तानीमा चालु आ.व. को आन्तरिक आयको अनुपातलाई सहभागितात्मक वाँडफाँड गर्ने नीति लिईनेछ।

१०. गाउँपालिकाबासीलाई कर नगरी कर तिर्ने बानीको विकास गर्न सम्बद्ध निकायसँग हातेमालो गर्दै कर सहभागिता अभियान संचालन गरिनेछ। प्रविधि साक्षर व्यवसायी तथा नागरिकहरुले घरदैलोबाट नै कर भुक्तानी गर्न सकिने नेपाल सरकारले सुत्र प्रणालीमा विकास गरेको प्रविधीका बारेमा सबैलाई जानकारी गरी सक्षम बनाईनेछ।

११. फालेलुङ गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसायहरुलाई व्यवसाय दर्ता र नविकरणलाई प्रभावकारी वनाइने नीति लिईनेछ।

१२. नयाँ करका क्षेत्रको पहिचान गरिनेछ। फालेलुङ-५ फलेके भन्ने स्थानमा संघीय सरकारको कर संकलन केन्द्र (छोटी भन्सार) स्थापनाको लागि पहल गरिनेछ।

१३. पर्यापर्यटनलाई फालेलुङ गाउँपालिकाको कर संकलनको मेरुदण्डको रुपमा विकास गरिनेछ।

१४. सामुदायिक वनको कार्ययोजना स्वीकृत गर्न पोत्साहन गरी सोही बमोजिम कर संकलन गर्ने।

**ठ) महिला तथा वालवालिका सम्बन्धी नीति**

१. फालेलुङ गाउँपालिकालाई लैङ्गिक मैत्री बनाउन आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने सबै नीति तथा कार्यक्रमहरु लैङ्गिक मैत्री बनाई लैङ्गिक उत्तरदायी बजेट ल्याईनेछ र सोको सुनिश्चिताको लागि जेसी अडिट गराइनेछ।

२. वाल विवाह अन्त्यको लागि गाउँपालिका अन्तर्गतको महिला बालबालिका तथा उद्यम विकास उपशाखाबाट संचालन हुने सम्पुर्ण कार्यक्रम संचालन हुनु पुर्व बाल विवाह न्यूनिकरण सम्बन्धि ५ मिनेट लामो सचेतना मूलक छलफल तथा अन्तर्क्रिया गरि बाल विवाह न्युनिकरणमा सहयोग पुर्याईनेछ।

३. यस आर्थिक वर्षलाई **महिलामा लगानी वर्ष घोषणा** गरि महिला सहकारी मार्फत उद्यम विकासका कार्यक्रमहरुसँग साझेदारी गरि उद्यम विकासको क्षेत्रमा महिला सहभागीता गराई महिलाहरुलाई आर्थिक उपार्जनमा सहयोग पुर्याईनेछ।

**४. महिलाहरुको साथ: स्थानीय उत्पादनमा राहत** कार्यक्रम मार्फत महिलाहरुलाई स्थानीय उत्पादनमा लगानी सुनिश्चित गरी स्थानीय उत्पादनको बजारिकरण र ब्राण्डिङमा समेत सहयोग पुर्याईनेछ।

५. किशोरी सशक्तिकरण कार्यक्रम मार्फत कक्षा ९ र १० कक्षाको किशोरीहरुको लागि बालबिवाह तथा कार्यस्थल तथा सार्वजनिक स्थानमा हुने यौनजन्य र अन्य कुनै पनि प्रकारको हिंसाबाट मुक्त सुरक्षित वातावरण निर्माणको लागि कार्यक्रम तयारी गरि लागु गरिनेछ।

६. बाल मैत्री स्थानीय तह घोषणाको लागि आवश्यक वजेट विनियोजन गरि कार्यक्रम लागु गरिनेछ

७. **हाम्रा बा -आमा हाम्रो साहारा** कार्यक्रम कार्यान्वयन मार्फत जेष्ठ नागरिक व्यक्तिहरुको लागि जेष्ठ नागरिक मिलन केन्द्र तथा जेष्ठनागरिक अनुभव आदान प्रदान तथा सम्मान कार्यक्रम संचालन गरि जेष्ठ नागरिकहरुलाई सन्तुष्ट बुढ्यौली जीवन सुनिश्चित गरिनेछ ।

८. दलित तथा पिछडिएको वर्ग तथा समुहहरुको लागि लक्षित कार्यक्रम मार्फत जिविको पार्जन सुधार कार्यक्रम संचालन गरिनेछ ।

९. बार्षिक रुपमा संचालन हुँदै आएका दिवस तथा विशेष दिन र अन्य थप दिवसहरु मनाउनको लागि यो आर्थिक वर्षमा पनि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०. एकिकृत स्वास्थ्य शिविर मार्फत महिला, बालबालिका, अपाङ्गता भएको व्यक्ति तथा जेष्ठ नागरिकहरुको लागि स्वास्थ्य शिविर संचालन गरिनेछ ।

११. **बालबालिकासँग अध्यक्ष र उपाध्यक्ष कार्यक्रम** मार्फत बाल क्लबका बालबालिकाहरुको लागि विशेष कार्यक्रम संचालन गरि फालेलुङको भविष्यको कर्णधारहरुलाई सफल र सहि बाटोमा हिड्न उत्प्रेरित गराइनेछ

१२. **बाल विवाहलाई अन्त्य गरौं: सुरक्षित भविष्य सुनिश्चित गरौं** भन्ने मुल नाराका साथ बालविवाह न्यनिकरणको लागि बाल विवाह रोकथाम तथा सचेतना कार्यक्रम गाउँपालिका भरि संचालन गरि बाल विवाह निरुत्साहित गर्न महिला बालबालिका तथा उद्यम विकास उपशाखाबाट विशेष कार्यक्रमहरु संचालन गरिनेछ

**१३.** महिला शिक्षक तथा महिला स्वयं सेविकाहरुलाई महिला अधिकार, महिला हिंसा तथा महिलाहरुको सामाजिक सचेतना अभिवृद्धिको लागि विशेष तालिम कार्यक्रम संचालन गरि वहाँहरुको विज्ञता मार्फत समाजमा हुने हिंसा र सामाजिक कुरितिहरु उन्मुलनमा सो विज्ञताको उपयोग गरिनेछ ।

**ड) खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

१. विपदका कारण खानेपानी मुहान दुषित हुने वा भासिएर लोप हुने समस्यालाई दिर्घकालिन रुपमा समाधान गर्न बजेटको व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

२. सुख्खाग्रस्त क्षेत्रहरुमा खानेपानी उपलब्धतालाई व्यवस्थित गर्न पहल गरिनेछ ।

३. जलवायु परिवर्तन, वन विनास तथा विश्वतापमानमा भएको अस्वभाविक बृद्धिले गर्दा लोप हुँदै गएका खानेपानी मुहान संरक्षणका लागि रणनीतिक योजना संचालन गरिनेछ ।

४. **"स्वच्छ खानेपानीः स्वस्थ्य जिन्दगानी"** भन्ने अभिप्रायका साथमा स्वच्छ खानेपानीमा आम नागरिकको पहुँचमा अभिवृद्धि गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

५. खानेपानीको व्यवस्थापनका लागि हालसम्म पालिकाले वितरण गरेको पाईपहर सार्वजनिक हितको लागि प्रयोग भए नभएको अनुगमन मूल्याङ्कन गरी वितरीत पाईप विक्रि वितरण भएको भए विक्रि गर्ने व्यक्ति/संस्थालाई कडा दण्ड जरिमाना लाउने व्यवस्था मिलाईनेछ ।

६. खानेपीको सुबिधा नपुगेका विद्यालय, स्वास्थ्य चौकी, हाट बजारहरुमा स्वच्छ तथा स्वस्थ खानेपानीको धारा जडान गर्नका लागि पहल गरिनेछ ।

७. अति बिपन्न घर परिवारलाई निः शुल्क खानेपानी तथा विजुली वत्ती जडान गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

८. खानेपानीको गुणस्तर परीक्षण गरी गुणस्तरीय खानेपानीको पहुँचमा विस्तार गरिनेछ ।

९. सरसफाई स्वच्छता अभियान संचालन गर्दै नदिनाला तथा पानीको श्रोतलाई प्रदुषणमुक्त राख्दै अभियानको रुपमा संचालन गरिनेछ ।

**ढ) भाषा साहित्य, संस्कृति सम्बन्धि नीति**

१. आदिबासी जनजातिहरुको रैथाने भेषभुषा, परम्परा र खानेकुराको परिकारको संरक्षणको लागि परम्परागत पहिरन तथा खानेकुरा प्रतियोगिता तथा प्रदर्शनी संचालन मार्फत **"फालेलुङको पहिचान: सांस्कृति नाम"** कार्यक्रम सुनिश्चित गरिनेछ। फालेलुङ गाउँपालिकाको वाङमय प्रतिष्ठानलाई थप सशक्त र प्रभावकारी बनाईनेछ।

२. स्थानीय लिम्बु, राई, मगर, तामाङ, गुरुङ, शेर्पा लगायतका भाषाहरुको प्रवर्द्दन हुने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्थानीय लिम्बु (याक्थुङ) मातृभाषाको पठनपाठनलाई प्रभावकारी रुपमा लागू गरिनेछ।

४. स्थानीय संस्कार, सँस्कृतिको संरक्षण र सम्वर्द्दनमा जोड दिईनेछ। फालेलुङ गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक तथा पौराणिक सम्पदाहरुको सूची तयार गरी फालेलुङ सम्पदा सूचीको अवधारणा विकास गरी सो सूचीमा पर्ने क्षेत्रहरुको संरक्षण र विकासका लागि प्रेदश र संघ सरकारसँग समन्वय गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र मनाईने विभिन्न धार्मिक तथा सांस्कृतिक चाड, पर्व, जात्रा, मेला तथा उत्सवहरुको जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ। साथै विभिन्न जात, जाति, भाषा, लिङ्ग र सम्प्रदायको उत्थान र विकासका कार्यक्रम संचालन गर्न वजेट व्यवस्थापन गरिनेछ।

६. स्थानीय कला र संस्कृतिलाई स्थानीय उत्पादनसँग जोडी स्वरोजगार मार्फत आर्थिक उपार्जन गर्ने माध्यमको रुपमा विकास गरिनेछ।

७. स्थानीय भाषाको संरक्षण र सम्मानका लागि स्थानीय लिम्बु (याक्थुङ) भाषा र सिरिजंगा लिपीलाई फालेलुङ गाउँपालिका र अन्तर्गतका सबै कार्यालयको आधिकारिक लेटरप्याडमा समेत प्रयोग गर्ने व्यवस्था मिलाईनेछ।

**ण) कानून तथा न्यायिक व्यवस्थापन सम्बन्धी नीति**

१. **"फालेलुङ सरकारः सबै जनताको न्यायिक अधिकार"** भन्ने नाराका साथ प्रत्येक वडाका मेलमिलाप समितिडहरुलाई थप सक्रिय बनाई न्यायिक समितिबाट सम्पादन गरिने विवाद निरुपणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

२. न्यायमा आम नागरिकको पहुँच स्थापित गर्नका लागि न्यायीक सचेतनामूलक कार्यक्रम संचालनको लागि वजेटको व्यवस्थापन गरिने छ।

३. न्याय सम्पदान कार्यलाई प्रभावकारी एवं प्रतिफलयुक्त बनाउन मेलमिलापकर्ताको पुनर्ताजगी एवं क्षमता विकास तालिम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

४. ज्ञानमा आधारित समाजको निर्माण एवं न्यायीक समितिलाई सशक्त र क्षमतावान बनाउन विभिन्न स्थानीय तहका नमूना न्यायीक समितिका अवलोकन भ्रमण गरी असल अभ्यासलाई आत्मसाथ गरिनेछ

५. न्यायीक इजलासलाई मर्यादित बनाउँदै प्रविधियुक्त न्यायिक कक्ष संचालन गरिनेछ।

६. न्याय सम्पादन गर्नका लागि आवश्यक न्यूनतम सामाग्रीहरु उपलब्ध गराईनेछ।

६. **"परे अन्याय- फालेलुङले गर्छ न्याय"** भन्ने नाराका साथ न्यायिक समितिको कामलाई थप प्रभावकारी बनाईनेछ

**त) रोजगार सम्बन्धी नीति**

१. आ.व. २०८१/०८२ का लागी फालेलुङ गाउँपालिका रोजगार सेवा केन्द्रमा जम्मा २३०० जना बेरोगारी व्याक्तिहरु सुचिकृत भएका छन भने यसका लागी सशर्त तर्फ जम्मा ६३ लाख रकम प्राप्त भएको छ भने स्थानिय तहको १० लाख साझेदारीमा ११० जना लाई १०० दिन बराबरको रोजागर प्रदान गरिने छ।

२. मर्यादित श्रमसहितको रोजगारको सुनिश्चितता गरिनेछ। श्रमिकको हक अधिकार र न्यूनतम पारिश्रमिकको प्रत्याभूती गरिनेछ।

३. **"युवासँग सरकार, हुनेछैन कोहि बेरोजगार"** अभियान अन्तर्गत युवा रोजगराका लागि रुपान्तरणकारी पहल परियोजना अन्तर्गत रु. ५४ लाख ८४ हजार वजेट विनियोजन गरी युवा रोजगारका लागि कार्य गरिनेछ।

४. रोजगार सेवा केन्द्र रस्थानीय सरकार सँगको संयुक्त सहकार्यमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मूल नाराका साथ आन्तरिक रोजगार सृजनाको गर्दै व्योप्त बेरोजगारी लाई सम्वोधन गर्दै लगिने छ।

५. वडा समितिसँग सहकार्य गरी बेरोजगार नामवली छनोटमा साथै आयोजना छनौटमा र कार्यान्वयनमा पूर्णरुपमा वडा सरकारलाई पूर्ण अधिकार दिईनेछ।

६. वैदेशिक रोजगारीमा जान चाहने हरेक व्यक्तिहरुलाई लाई अनिवार्य सीप र सूचना प्रदान गरिनेछ साथै वैदेशिक रोजगारी बाट स्वदेश फर्किएका व्यक्तिहरुलाई लाई पुन एकीकरण कार्यक्रमम मार्फत सिपमुलक तालिम दिई उधमिसलतामा सहभागी गराइनेछ।

७. विदेशी रोजगारीबाट छुट्टीमा घर आएकाहरु लाई पुन श्रम स्वीकृति रोजगार सेवा केन्द्र द्वारा नै प्रदान गरिनेछ भएको हुँदा यो कार्य लाई अझ छिटो छरितो र प्रभावकारी सेवाको प्रत्याभूति गरिनेछ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम लाई स्थानीय सरकार संग सहकार्य र समन्वय गरी स्थान सरकार कै नीति र मार्गदर्शनका आधारमा उत्पादन सँग जोड्दै लगिने छ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको रोजगार केन्द्रमा सूचिकृत बेरोजगार २३०० जनालाई स्थानीय विकासका आयोजनाहरु तर्जुमा गरी रोजगार सिर्जना गरिनेछ।

१०. प्रधान्मन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारका लागि रुपान्तरकारी योजना अन्तर्गत सबै वडाहरुलाई समानुपातिक वजेट विनियोजनको व्यवस्था गरिनेछ।

**थ) पोषण सम्बन्धी नीती:**

१. फालेलुङ गाँउपालिकाले महिला किशोरी र वालवालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रिय पोषण योजनालाइ प्राथिमिकताका साथ यस पालिकामा कार्यन्वयन गरीरहेकोमा आगामी आ.व.वाट यस स्थानिय तहमा विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तय गरि पोषण तथा खाद्य सुधारको लागि तोकिएको क्रियाकलापहरु सञ्चालन गरिने छ।

२. बहुक्षेत्रिय पोषण योजना अन्तरगत पोषाणमैत्री स्थानिय शासन (Nutrition Friendly Local Governance NFLG) अवलम्बन गर्न र आगामि ३ वर्ष भित्र यस गाँउपालिकालाइ पोषणमैत्री स्थानिय तह पोषणाका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियान सञ्चालन गरि वडा घोषाणा अभियानलाई प्राथमिकतामा राखि कार्य गरिनेछ।

३. बहुक्षेत्रिय पोषण योजनाले निदृश्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि संघिय र प्रदेश सरकारको साधे स्थानिय तहले विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल कियाकलापहरु सञ्चालन गरिनेछ र महिला वालवालिका लक्षित कार्यक्रमहरु जस्तै- सुत्केरी स्याहार प्रोत्साहन वितरण, बाल पोषण अनुदान, पुर्ण सरसफाइ अभियान, वालविवाह विरुद्ध अभियान पुर्ण खोप सुनिश्चतता, वालमैत्री स्थानिय शासन समेत बहुक्षेत्रिय पोषण योजनालाइ समावेश गर्दै लगिने छ।

४. यस फालेलुङ गाँउपालिकाको पोषण तथा खाद्य सुरक्षा सम्बन्धि सुचना तथा तथ्याङ्कहरुको व्यवस्थापन गर्नका लागि विभिनेन संघ संस्थाहरुसंगको सहकार्यमा पोषण पाश्चचित्र र स्थिति पत्र (Digital Nutration Profile and Nutration Status Paper) तयार तथा अध्यावधिक गरिनेछ।

५. बारक्षेत्रिय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको संस्थागत। क्षमता विकासमा जोड दिइ योजनालाइ प्रभावकारी रुपमा संचालन गरिनेछ

**द) अन्य नीति**

१. संघ प्रदेशसँग समपुरक साझेदारी कार्यविधि बमोजिम बजेट व्यवस्था गरिनेछ।

२. बढ्दै गईरहेको वातावरणीय प्रदुषण र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका लागि "**One Person can Make a Difference**" भन्ने नीतिका साथमा फालेलुङमा बसोबास गर्ने प्रत्येक नागरिकलाई आफुले वातावरण प्रदुषण न्यूनीकरणमा खेल्ने भूमिका बारेमा अभियानको शनिवार विहानी टोल सरसफाई गर्ने र प्रदुषणयुक्त तत्वहरुलाई पुनः प्रयोग गर्दै नकुहिने फोहोरको व्यवस्थापन गर्ने अभियान संचालन गरिनेछ।

३. फालेलुङको समृद्धिका लागि पालिकामा जन्म भई देश विदेशका विभिन्न स्थानमा बसोबास गर्ने बौद्धिक व्यक्ति, निजामती कर्मचारी, राजनीतिक व्यक्तित्व, सफल व्यवसायी, पत्रकार, सेवा निवृत राष्ट्रसेवक कर्मचारीहरुको पहिचान र अभिलेखीकरण गर्दै पालिकाको विकासमा सक्रिय सहभागिता, सल्लाह, अध्ययन अनुशन्धान, सुझाव, राज्यलाई आवश्यक परेको समयमा सहयोग र प्रयोगको लागि "थिङ्क ट्याङ्क" वा "ब्रेन बैंक" स्थापना तथा संचालनका लागि शुरुवाती पहलकदम चालिनेछ।

४. संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

५. अन्य स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

६. नेपाल विद्युत प्राधिकरण फिदिम केन्द्रसँग सहकार्य गर्दै तथा झोलुङ्गे पुल र साना सिँचाई कुलोको संरक्षण गर्न कर्मचारी व्यवस्थापन गरिनेछ।

७. विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

८. **"सबै सरकार, हाम्रो समृद्दीको साझेदार"** भन्ने नीतिलाई अँगिकार गरी संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको नीतिलाई कार्यान्वयका लागि नीतिगत आधार तय गरिनेछ।

९. गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै उनीहरुलाई पालिका क्षेत्र भित्रको सन्तुलित विकास र मानव विकासका क्षेत्रहरुमा व्यवस्थित परिचालन गरिनेछ।

**सम्मानित सभा अध्यक्षज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

चालु आ.व. २०८०।०८१ को संशोधित यथार्थ एवम् आगमी आ.व. ०८१।०८२ को आय तथा व्ययको अनुमान प्रस्तुत गर्दछु।

आ.व. २०८०।०८१ मा चालु तर्फ रु. ३६,७८,१७,३००।- (अक्षरेपी छत्तीस करोड अठहत्तर लाख सत्र हजार तीन सय रुपैँया मात्र) रकमको आय अनुमान भएकोमा हाल सम्म रु.२५,२८,८६,४३६.५१ (अक्षरेपी पच्चिस करोड अठ्ठाईस लाख छयासी हजार चार छत्तिस रुपैँया पाँच एक पैसा) अर्थात चालु बजेटको ६८.७५ प्रतिशत प्रगति भएको देखिन्छ। त्यसै गरी पुँजिगत तर्फ रु. १७,८१,८१,८००।- (अक्षरेपी सत्र करोड एकासी लाख एकासी हजार आठ सय रुपैँया मात्र) विनियोजन भएकोमा हाल सम्म रु. ९,३९,०५,५१८. (अक्षरेपी नौँ करोड उनन्चालिस लाख पाँच हजार पाँच सय अठार रुपैया) खर्च भई कुल पुँजिगत बजेटको ५२.७ प्रतिशत प्रगति भएको देखिन्छ। कतिपय योजनाहरु संन्चालन भई रहका र यस आर्थिक वर्षको केहि समय बाँकी रहेकोले प्रगतिमा वृद्धि हुने अनुमान गरिएकोछ। चालु आ.व. २०८०/०८१ मा संघीय सरकारको वित्तीय समानिकरण रु. २,४४,९१,९४०।- (अक्षरेपी रु. दुई करोड चौबालिस लाख एकानब्बे हजार नौँ सय चालसि रुपैँया) रकम कट्टी भएकोले गर्दा अनुमानित विनियोजन समेतमा प्रभाव परी धेरै योजना कट्टी तथा आगामी आ.व. २०८१/०८२ मा भुक्तानीको लागि दायित्व सृजना भएको छ।

आगामी आ.व. ०८१।०८२ को लागि संघीय र प्रदेश सशर्त, समपुरकम कोष समेत गरी कुल पुँजिगत खर्च तर्फ रु. १८,४०,७१,६८८।- (अक्षरेपी रु. अठार करोड चालिस लाख एक्हतर हजार छ सय अठासी रुपैयाँ मात्र) र कुल चालु तर्फ रु. ३३,७८,४२,३१२।- (अक्षरेपी रु तेतीस करोड सठतिस लाख बयालिस हजार तीन सय ब्राह रुपैयाँ) गरि कुल जम्मा रु. ५२,१९,१४०००।- (अक्षरेपी रु. बाउन्न करोड उन्नाईस लाख चौध हजार रुपैँया मात्र) विनियोजन गरिएकोछ।

**सभा अध्यक्षज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

अन्त्यमा, नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वय पालिकाको एकल प्रयासले सम्भव छैन । सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्त क्षेत्र, टोल विकास संस्था, युवा क्लव, आमा समूह र सचेत आम गाउँपालिकाबासीहरुको निरन्तर साथ, सहयोग र समर्थनले मात्र उल्लेखित नीति तथा कार्यक्रमले देखेको समुन्नत फालेलुङको सपनाहरुलाई मूर्तरुप दिन सकिन्छ । आम संचार जगत निरन्तर खबरदारी हाम्रो लागि सर्वदा पथ प्रर्दशक हुनेछ । समृद्ध गाउँपालिका निर्माण गर्न आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमले नीतिगत प्रस्थान (Policy Departure) गर्न प्रयास गरेको छ । यो नीति तथा कार्यक्रमले फालेलुङलाई सुनौलो युगको दिशातर्फ डोऱ्याउने विषयमा हामी आशावादी छौँ। जनताको घरदैलोको सरकारको रुपमा फालेलुङ गाउँपालिकाले जनताको भावना अनुरुप काम गर्नमा हामि सबै दृढ छौँ। साथै फालेलुङ गाउँपालिकाका विकास योजनालाई स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने क्रममा, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, फालेलुङ गाउँ कार्यपालिका परिवार, गाउँ कार्यपालिकाको कार्यालय परिवार लगायत सम्बद्ध पक्षले पुर्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदाँ सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसका साथै योजना तर्जुमा प्रक्रियामा जसरी यहाँहरुको साथ सहयोग रहेको छ आगामी योजनाहरुको सफल कार्यान्वयनको लागि समेत सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

**प्रस्तोता**
महेन्द्रहाङ जवेगु "फुङनिमा"
उपाध्यक्ष
मिति : २०८१।०३।०७